
का.जि.प्र.का.द.नं. १००/०५२/६०
१३ कार्तिक २०८३
शुक्रबार
30 October 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



कभर स्टोरी

अत्यासलाग्दो दुर्घटना
दोषको भारी चालकलाई

■ तेजप्रकाश दीक्षित/*मध्यान्ह*

१० वर्षमा नेपालमा सवारी दुर्घटना करिब तीनगुणा र घाइते झन्डै चार गुणा बढेका छन् । प्रहरीको तथ्यांकअनुसार एक दशकमा २२ हजार ९७३ जनाले सवारी दुर्घटनामा ज्यान गुमाए । तर दुर्घटनाको दोष प्रायः चालकलाई दिएर फाइल बन्द गरिन्छ । सडकको डिजाइन, सवारीको अवस्था, कमजोर नियमन र उद्धार प्रणालीमा सुधार नगरेसम्म सडक सुरक्षा सुनिश्चित हुँदैन ।

प्रदेश (२०८२/८३)	दुर्घटना	मृत्यु	कुल घाइते	मृत्यु दर %
काठमाडौं उपत्यका	५,८०३	२१६	६,८११	३.७
कोशी	६,४१२	४४०	१०,६८७	६.९
मधेश	७,९४७	५३४	१२,८५७	६.७
बागमती (उपत्यकाबाहेक)	१,९२४	३४०	३,७५३	१७.७
गण्डकी	४३५	२५२	५३८	५७.९८
लुम्बिनी	४,७९७	५८५	८,०५८	१२.२
कर्णाली	१,१९७	१३५	२,३०५	११.३
सुदूरपश्चिम	१,४७३	२०५	२,५४४	१३.९
जम्मा	२९,९८८	२,७०७	४७,५५३	९.०

मृत्युदर = प्रति १०० दुर्घटनामा मृत्यु । *स्रोत : नेपाल प्रहरी*

नेपालका सडकमा ट्राफिक प्रहरीको चेकजाँच नौलो दृश्य होइन । सिटी बज्छ, मोटरसाइकल रोकिन्छ, लाइसेन्स, ब्लुबुक र हेलमेटको पेटी जाँचिन्छ । तर यस्ता कारबाहीले दुर्घटनाका मुख्य कारण समातिरहेका छन् कि छैनन् ? नेपाल प्रहरीको १० आर्थिक वर्षको तथ्यांकले केही गम्भीर सवाल उब्जाएका छन् ।

आर्थिक वर्ष २०७३/७४ मा देशभर १० हजार १७८ सवारी दुर्घटना भएका थिए । आर्थिक वर्ष २०८२/८३ मा यो संख्या बढेर २९ हजार ९८८ पुग्यो । दशकमा दुर्घटना करिब तेब्बर भए । मृत्यु २ हजार ३८५ बाट बढेर २ हजार ७०७ पुग्यो । गम्भीर घाइते ४ हजार २५० बाट ७ हजार ८०४ र कुल घाइते १२ हजार ५४० बाट बढेर ४७ हजार ५५३ पुगे । »» पृष्ठ २ मा

महाभियोगको डरले
बिचौलियासम्म पुगेका न्यायाधीशहरू

सर्वोच्चका न्यायाधीश हरिप्रसाद फुँयाल र इनम सापकोटाबीचको संवाद बाहिरिएपछि न्यायाधीशहरू महाभियोगको त्रासमा रहेको मात्र खुलेको छैन, प्रधानमन्त्री तथा उच्चपदस्थ अधिकारीसँग पहुँच देखाउँदै बिचौलियाले न्यायालयसम्म सम्पर्क बढाएको देखिएको छ ।



जनक नेपाल/मध्यान्ह
काठमाडौं, १२ कार्तिक

सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयाँल र सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानमा थुनामा रहेका इनम सापकोटाबीचको संवाद बाहिरिएसँगै न्यायालयभित्रको दबाब र बिचौलियाको पहुँचबारे गम्भीर प्रश्न उठेका छन् ।

बाहिरिएको संवादमा सापकोटाले प्रधानमन्त्रीले रोहित गुप्तालाई थुनामै राख्न भनेको उल्लेख गर्दै फुयाँललाई सन्देश पठाएको देखिन्छ । जवाफमा फुयाँलले गुप्तालाई धरौटीमा छाडिसकेको र होटल हिमालयमा भेट्न साँझ ७ बजे बोलाएका छन् । उनले सापकोटासँग एक्लै भेटेको पनि स्विकारेका छन् । यसले एकातर्फ फुयाँलमाथि नैतिक प्रश्न उठेको छ भने उनले बिहीबार केही पत्रकारहरूसँग गरेको कुराकानीले अर्को पाटो पनि उजागर गरेको छ । फुयाँलका अनुसार, सापकोटाले प्रधानमन्त्री र उच्चपदस्थ अधिकारीसँग निकट सम्बन्ध रहेको दावी गर्दै न्यायाधीशहरूलाई विश्वासमा लिन र मुद्दामा प्रभाव पार्न खोजेका थिए ।

फुयाँलले आफूलाई मात्रै नभई अन्य न्यायाधीशलाई समेत »» पृष्ठ २ मा

काठमाडौंको ब्याटिङ ध्वस्त पार्ने १६ वर्षे राहुल

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १२ कार्तिक

उमेर १६ वर्ष, पढाइ कक्षा ९ । तर बलिङमा देखाएको क्षमता भने अनुभवी खेलाडीको भन्दा कम छैन । नेपाल प्रिमियर लिग (एनपिएल)मा जनकपुर बोल्ट्सबाट खेलिरहेका राहुल यादवले लगातार »» पृष्ठ २ मा

उत्कृष्ट प्रदर्शनले राहुललाई मधेश प्रदेशबाट उदाउँदै गरेका सम्भावनायुक्त युवा बलरका रूपमा चिनाउन सहयोग गऱ्यो ।



वैदेशिक रोजगार विशेष

बंगलादेश र जापानबीच रोजगार सम्झौता

मध्यान्ह संवाददाता
काठमाडौं, १२ कार्तिक

बंगलादेश र जापानले जापानमा बंगलादेशी कामदार भर्नाका लागि बाटो खोल्ने नयाँ रोजगार सम्झौतामा हस्ताक्षर गरेका छन् ।

जापानमा चुलिँदो श्रमिक संकट समाधान गर्न जापान र बंगलादेशबीच सन् २०२७ अप्रिलदेखि कामदार भित्र्याउने गरी १० बर्से श्रम सम्झौता भएको हो । बंगलादेशका तर्फबाट प्रवासी कल्याण तथा वैदेशिक रोजगार मन्त्रालयका सचिव र जापानको न्याय मन्त्रालय, परराष्ट्र मन्त्रालय, स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय र राष्ट्रिय प्रहरी निकायका प्रतिनिधिहरूले सम्झौतामा हस्ताक्षर गरेका छन् ।

यसका लागि लगभग एक वर्ष प्रयास गरिएको बंगलादेशका अधिकारीहरूले बताएका छन् । जापानसँगको »» पृष्ठ २ मा

'पुनः श्रम स्वीकृतिपछि मात्रै हवाई टिकट लिनू'

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले पुनः श्रम स्वीकृति भएपछि मात्रै हवाई टिकट लिनुपर्ने बताएको छ । बिहीबार 'अत्यावश्यक प्रस्थान गर्ने व्यक्तिको श्रम स्वीकृतिमा सहजीकरण गर्ने सम्बन्धमा' अत्यन्त जरुरी सूचना जारी गर्दै विभागले यस्तो बताएको हो । वैदेशिक रोजगारीबाट छुट्टीमा आएका व्यक्तिहरू विदेश जाने क्रममा हवाई टिकट लिइसकेको अवस्थामा श्रम स्वीकृति नभएका कारण उडान छुट्ने गरेको भन्दै विभागले त्यस्तो अवस्था आउन नदिन श्रम स्वीकृति प्राप्त भएपछि मात्र हवाई टिकट लिन भनेको छ ।

हवाई टिकट लिइसकेका व्यक्तिहरूले उडान हुनुभन्दा तीन दिन अगाडि नै तोकिएका कागजातसहित अनलाइन माध्यमबाट श्रम स्वीकृतिका लागि आवेदन गर्नुपर्ने विभागको भनाइ छ । नेपाल आउने अन्तर्राष्ट्रिय उडान थोरै भएका कारण हवाई भाडा महँगो »» पृष्ठ २ मा

UAE को 5 Star Hotel मा महिला/पुरूषहरूलाई रोजगारको अवसर

Company : AYLA FOR HOTELS & RESORTS MANAGEMENT LLC

पूर्व स्वीकृती मितिः २०८३/०७/०९ | चलानी नं.६०२६२७९८ | LT No.: 349700

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Kitchen Steward	10	0	कामका दक्ष	1100	४५,५९०।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ		२ वर्ष
२.	Hk Attendant	8	5		1200	४९,७३०।-							
३.	Waiter/Waitress	6	3		1200	४९,७३०।-							
४.	Commi 1	4	0		1400	५८,०००।-							
५.	Commi 3	6	0		1100	४५,५९०।-							
६.	Commi 2	3	0		1200	४९,७३०।-							
७.	Laundry Attendant	4	0		1200	४९,७३०।-							
८.	Bellman/Valet Parking	2	0		1700	७०,४५५।-							
९.	Demi Chef De Party (Dcdp) (Cook)	4	0		1800	७४,६००।-							

सम्बन्धित काममा अनुभव भएकाहरूलाई प्राथमिकता दिइनेछ ।


स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,१९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	निःशुल्क

प्रि-अन्तरवार्ता घमाघम भइरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधि बाट २०८३ कार्तिक २० गते (6 Nov., 2026) यस प्रा. लि. कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जारी गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

ThinkBiz Gov.Lic.NO. 1608/079/080

THINK BIZ INTERNATIONAL PVT.LTD.
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Mob: 9761819721, 9841893053, 9849325814
Email: careers@thinkbiz.com.np | Web: www.thinkbiz.com.np



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कभर स्टोरी

दोषको भारी चालकलाई

अर्थात्, पछिल्लो वर्ष दैनिक औसत सातजनाले सडक दुर्घटनामा ज्यान गुमाए भने करिब १३० जना घाइते भए।

सवारीको बनावट पनि बदलिएको छ । आर्थिक वर्ष २०७३/७४ मा दुर्घटनामा संलग्न सवारीमध्ये मोटरसाइकलको हिस्सा ३७ प्रतिशत थियो । आर्थिक वर्ष २०८२/८३ मा यो ५९ प्रतिशत पुगेको छ। फागुन २०८२ सम्म देशमा ६२ लाख ४९ हजार ७३२ सवारी दर्ता भएकामा ८० प्रतिशतभन्दा बढी दुईपांग्रे छन् । नेपाल प्रहरीको तथ्यांकमा देखिएको मृत्युसंख्या विश्व स्वास्थ्य संगठनको अनुमानभन्दा निकै कम छ। संगठनले सन् २०२१ मा नेपालमा करिब आठ हजारजनाको सडक दुर्घटनामा मृत्यु भएको अनुमान गरेको थियो । प्रतिलाख जनसंख्यामा मृत्यु दर २८.२ रहेको उसको आकलन थियो।

दुर्घटना सहरमा, मृत्यु राजमार्गमा

आर्थिक वर्ष २०८२/८३ मा काठमाडौं उपत्यकामा देशका करिब १९ प्रतिशत दुर्घटना भए। तर कुल मृत्युको आठ प्रतिशत मात्र उपत्यकामा दर्ता भयो। मधेश, लुम्बिनी र कोशी प्रदेशमा भने देशका ५८ प्रतिशत मृत्यु भए ।

प्रति १०० दुर्घटनामा मृत्युको अनुपातले जोखिमको भिन्नता अझ स्पष्ट पार्छ । उपत्यकामा यो दर ३.७ छ । मधेशमा ६.७, कोशीमा ६.९, लुम्बिनीमा १२.२, सुदूरपश्चिममा १३.९ र बागमती प्रदेशको उपत्यकाबाहिरको क्षेत्रमा १७.७ छ। राष्ट्रिय औसत ९ हो।

गण्डकी प्रदेशमा ४३५ दुर्घटनामा २५२ मृत्यु दर्ता भएको छ । यो असामान्य अनुपातले दुर्घटनाको दर्ता र तथ्यांकको विश्वसनीयताबारे थप अध्ययन आवश्यक देखाउँछ। प्रदेशगत तथ्यांक, आर्थिक वर्ष २०८२/८३

सडक सुरक्षा कसको जिम्मेवारी ?

सडक सुरक्षामा राज्यका तीन प्रमुख निकाय संलग्न छन्। सडक निर्माण, मर्मत र व्यवस्थापनमा सडक विभाग केन्द्रित छ। यातायात व्यवस्था विभाग सवारी दर्ता, चालक अनुमतिपत्र, नवीकरण र राजस्व संकलनमा व्यस्त छ। ट्राफिक प्रहरी सडक सञ्चालन, चेकजाँच र कारबाहीमा खटिन्छ। तर यी निकायबीच समन्वय कमजोर छ र सडक सुरक्षाको समग्र जिम्मेवारी स्पष्ट छैन ।

यातायात क्षेत्रबाट विभिन्न शीर्षकमा वार्षिक आठ अर्ब रुपैयाँभन्दा बढी राजस्व संकलन हुन्छ। तर दुर्घटना न्यूनीकरणमा त्यही अनुपातको प्रयास देखिँदैन । सडक बनाउने निकायलाई दुर्घटनामा भएको मृत्युको जवाफदेही बनाइँदैन। मृत्युको हिसाब सोधिने ट्राफिक प्रहरीसँग भने मुख्यतः सिटी र जरिवानाको रसिद हुन्छ।

नेपालमा सडक निर्माण गर्दा वैज्ञानिक सर्वेक्षण, सुरक्षा डिजाइन र जोखिमको मूल्यांकनलाई पर्याप्त प्राथमिकता दिइँदैन । पहाडी सडकमा कतिपय ठाउँमा बाटो खन्दै गरेको डोजर र यात्रुले भरिएको बस सँगसँगै गुडिरहेका हुन्छन् । सडकमा रेखा कोर्दैमा वा माटो र ढुंगामाथि कालोपत्रे गर्दैमा सुरक्षित सडक बन्दैन ।

सुरक्षा सडकको डिजाइनबाटै सुरु हुनुपर्छ । मोडको त्रिज्या, दृश्यता दूरी, ढलान, क्रयास ब्यारियर, पैदलमार्ग, संकेत र प्रकाशको उचित व्यवस्था आवश्यक हुन्छ। तर सडकको लम्बाइलाई विकासको मापदण्ड मान्ने अभ्यास बलियो छ । यसको प्रभाव नारायणगढ-मुग्लिन सडकखण्डले देखाएको छ । स्तरवृद्धिअघि त्यहाँ वर्षमा करिब ९०० दुर्घटना हुने गरेकामा सुधारपछि वार्षिक औसत १३८ मा झरेको थियो । अर्थात्, दुर्घटना करिब ८५ प्रतिशत घटेको थियो ।

दुर्घटना धेरै भएपछि मात्र सडक मर्मत गर्ने अभ्यासको सट्टा जोखिमयुक्त खण्ड पहिल्यै पहिचान गरेर सुधार गर्नुपर्छ। सडक निर्माणको सफलता कति किलोमिटर बन्यो भन्ने आधारमा मात्र होइन, त्यसले कति दुर्घटना र मृत्यु घटायो भन्ने आधारमा पनि मापन हुनुपर्छ ।

सात सिटमा १७ जना

सात सिट क्षमताको सुमो दुर्घटनामा पर्दा मृत्यु र घाइतेको संख्या १७ वा २० पुग्ने समाचार बारम्बार आउँछन्। ग्रामीण क्षेत्रमा सार्वजनिक यातायातको अभाव, जथाभावी अनुमति र कमजोर निगरानीले क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति बढाएको छ। छतमा यात्रु राख्ने तथा जिप र पिकअपमा क्षमताभन्दा बढी मानिस कोच्ने अभ्यास अझै देखिन्छ ।

ओभरलोडिङसँगै सवारीको प्राविधिक अवस्था पनि जोखिमको कारण हो । काठमाडौंको टेकुमा बनेको आधुनिक सवारी फिटनेस परीक्षण केन्द्र लामो समय प्रशासनिक अलमलका कारण निष्क्रिय रह्यो । सार्वजनिक सवारीको स्वचालित फिटनेस परीक्षणसमेत नियमित सञ्चालन हुन नसक्दा सवारीको प्राविधिक सुरक्षा कसरी सुनिश्चित हुन्छ भन्ने प्रश्न उठ्छ ।

ट्राफिक कारबाहीमा ढुवानीका साधनको ओभरलोडिङ देखिए पनि यात्रुवाहक सवारीको क्षमता नियमन गर्ने संयन्त्र कमजोर छ। क्षमताभन्दा बढी यात्रु बोक्दा दुर्घटनाको सम्भावना मात्र बढ्दैन, दुर्घटना भएमा मृत्यु र घाइतेको संख्या पनि बढ्न सक्छ ।

अनुसन्धानबिनै चालक दोषी

ट्राफिक प्रहरीका अनुसार दुर्घटनाका कारणमध्ये चालकको लापरबाही ६७ प्रतिशत, तीव्र गति १५ प्रतिशत, यात्रुको गल्ती चार प्रतिशत, ओभरटेक चार प्रतिशत, यान्त्रिक गडबडी चार प्रतिशत र अन्य कारण ६ प्रतिशत छन्।

तर यी प्रतिशत कसरी निर्धारण गरिन्छन् ? दुर्घटनाको वैज्ञानिक अनुसन्धानबिना दोषको यकिन हिस्सा छुट्याउन कठिन हुन्छ। घटनास्थलको नापजाँच, ब्रेकका चिह्नको विश्लेषण, सवारीको यान्त्रिक परीक्षण र सडकको बनावटको मूल्यांकनबिना 'चालकको लापरबाही' लेखेर फाइल बन्द गर्ने अभ्यासले सडकको डिजाइनमा भएका त्रुटि ओझेलमा पार्छ ।

२०८३ वैशाख २४ मा काठमाडौं उपत्यकामा कारबाहीमा परेका २ हजार १०५ चालकमध्ये तीव्र गतिका १३९ र मादकपदार्थ सेवन गरेका ९९ जना थिए । 'अन्य' शीर्षकमा १ हजार १६४ चालक परेका थिए । कारबाहीको यति ठुलो हिस्सा 'अन्य'मा राखिँदा कुन व्यवहारले सडक जोखिम बढायो भन्ने स्पष्ट हुँदैन ।

सन् २०१५ देखि २०२४ सम्मको अध्ययनले भने तीव्र गतिलाई राष्ट्रिय स्तरमा ३१ प्रतिशत दुर्घटनाको कारण मानेको छ । उपत्यकामा जोडिएका २९७ सिसिटिभीमध्ये गति र नम्बरप्लेट स्वचालित रूपमा पहिचान गर्न सक्ने एएनपिआर क्यामेराको संख्या सुरुवाती चरणमा जम्मा ६ थियो । आधुनिक प्रविधि र निगरानीको पहुँच सीमित सडकखण्डमा मात्र छ ।

२०८३ असोज ५ मा काठमाडौंको त्रिपुरेश्वरमा एक यात्रुवाहक बसका चालकले आत्मदाह गरी ज्यान गुमाए। यसअघि २०८३ असार २६ मा त्रिपुरेश्वरस्थित राहदानी विभागअगाडि अर्को आत्मदाह प्रयास भएको थियो ।

दुवै घटनालाई सामाजिक सञ्जाल र सञ्चारमाध्यममा ट्राफिक कारबाहीसँग जोडेर चर्चा गरियो । तर काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले असारको घटनामा सम्बन्धित व्यक्तिलाई जरिवाना नगरिएको र त्यसलाई जरिवानासँग जोडेर फैलाइएका सामग्री तथ्यहीन तथा भ्रामक भएको जनाएको थियो । असोजको घटनाको तथ्य भने छानबिनकै क्रममा छ ।

असोजको घटनापछि यातायात क्षेत्रका ६ महासंघ तथा संघ-संगठनले नौबुँदे माग अघि सारे । उनीहरूले न्यायिक छानबिन, पीडित परिवारलाई क्षतिपूर्ति, श्रम ऐनअनुसार रोजगार सम्झौता, सामाजिक सुरक्षा कोषमा सूचीकरण, २४ घण्टे हेल्पलाइन, कारबाहीको निष्पक्ष छानबिन तथा चालकको मानसिक सुरक्षालाई यातायात नीतिमा समेट्न माग गरेका छन्। चालकको आम्दानी, ऋणको किस्ता, घरखर्च र सवारीधनीले तोक्ने दैनिक भाडाको लक्ष्यबीच ठुलो दबाब हुन सक्छ । लिखित रोजगार सम्झौता र सामाजिक सुरक्षा नहुँदा जोखिमको भार चालककै काँधमा पर्छ। तनाव र थकानमा सवारी चलाउनु सडक सुरक्षाका दृष्टिले पनि जोखिमपूर्ण हुन्छ।

कारबाही आवश्यक छ, तर त्यो पारदर्शी, प्रमाणमा आधारित र उजुरी गर्न सकिने हुनुपर्छ । प्रविधिबाट गरिने चलानले चालक र प्रहरीबीचको विवाद घटाउन तथा प्रमाण सुरक्षित राख्न मद्दत गर्न सक्छ ।

दुर्घटनापछिको 'गोल्डेन आवर'

दुर्घटनापछि घाइतेलाई समयमै उपचारमा पुऱ्याउनु जीवन बचाउने महत्त्वपूर्ण पक्ष हो । तर नेपालमा सडक दुर्घटनाका घाइते उद्धार गर्ने छुट्टै निकाय छैन । धेरै अवस्थामा बाटोमा हिँडिरहेका मानिस र प्रहरीले नै घाइतेलाई उठाएर अस्पताल पुऱ्याउँछन् ।

प्राथमिक उपचार, तालिमप्राप्त उद्धारकर्ता, एम्बुलेन्स समन्वय र राजमार्गमा ट्रमा केन्द्रको पर्याप्त व्यवस्था नहुँदा घाइतेले समयमै उपचार नपाउने जोखिम रहन्छ। तालिमविना घाइतेलाई सार्दा मेरुदण्डमा चोट भएका व्यक्तिको अवस्था झन् बिग्रन सक्छ ।

नेपाल प्रहरीका अनुसार गत वर्ष ७ हजार ८०४ जना गम्भीर घाइते भए । राजमार्गमा ट्रमा केन्द्र स्थापना, एम्बुलेन्स सेवाको समन्वय, प्राथमिक उपचारको तालिम र उद्धारकर्तालाई कानुनी संरक्षण दिने व्यवस्था प्रभावकारी भए मृत्यु र अपांगता घटाउन सकिन्छ ।

९९ अर्बको क्षति, सात सुधार

विश्व बैंकका अनुसार नेपालमा सडक दुर्घटनाको आर्थिक लागत कुल गार्हस्थ उत्पादनको १.५ प्रतिशतबराबर छ । आर्थिक सर्वेक्षण २०८२/८३ ले अर्थतन्त्रको आकार करिब ६६ खर्ब रुपैयाँ अनुमान गरेको छ । यस आधारमा सडक दुर्घटनाबाट वार्षिक करिब ९९ अर्ब रुपैयाँबराबरको आर्थिक क्षति हुने देखिन्छ । यो जरिवानाबाट उठ्ने करिब एक अर्ब ८७ करोड रुपैयाँभन्दा ५० गुणाभन्दा बढी हो ।

यो क्षतिको भार राज्यमा मात्र सीमित हुँदैन । दुर्घटनामा परेका परिवारले उपचार, आम्दानी गुमेको अवस्था र क्षतिपूर्तिको समस्यासमेत बेहोर्नुपर्छ । तेस्रो पक्ष बिमाबाट पाइने क्षतिपूर्तिको कानुनी सीमा कम हुँदा अनौपचारिक मिलापत्रमा पुग्ने अवस्था रहेको लेखमा उल्लेख छ ।

अन्तर्राष्ट्रिय अनुभवले सडक सुरक्षा चेकजाँचमा मात्र निर्भर नहुने देखाउँछ । जापानमा स्वचालित गति क्यामेरा, डिमेरिट पोइन्ट र सुरक्षित सडक इन्जिनियरिङको संयोजनबाट सन् १९७० मा १६ हजार ७६५ रहेको सडक मृत्यु सन् २०२५ मा २ हजार ५४७ मा झरेको छ। नेपालमा सडक दुर्घटना घटाउन सात क्षेत्रमा सुधार आवश्यक छ ।

१. जिम्मेवारी स्पष्ट गर्ने : राष्ट्रिय सडक सुरक्षा परिषद्लाई स्रोत, साधन र कानुनी अधिकारसहित पुनर्संरचना गरी सडक विभाग, यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीबीच समन्वय गराउने ।
२. सुरक्षित सडक निर्माण : नयाँ सडकमा सुरक्षा अडिट अनिवार्य गर्ने र जोखिमयुक्त राजमार्ग खण्डको नारायणगढ-मुग्लिनको ढाँचामा सुधार गर्ने ।
३. स्वतन्त्र अनुसन्धान : गम्भीर दुर्घटनाको प्राविधिक अनुसन्धान गरी निष्कर्ष सार्वजनिक गर्ने ।
४. जोखिमयुक्त क्षेत्रमा निगरानी : मृत्यु दर उच्च भएका राजमार्गमा गति क्यामेरा, एएनपीआर र गस्ती केन्द्रित गर्ने ।
५. यात्रु क्षमता र मोटरसाइकल सुरक्षा : यात्रुवाहक सवारीको क्षमता प्रविधिबाट निगरानी गर्ने तथा हेलमेटको गुणस्तर र लेन पृथकीकरणलाई प्राथमिकता दिने ।
६. उद्धार र उपचार : राजमार्गमा ट्रमा केन्द्र, एम्बुलेन्स समन्वय, प्राथमिक उपचार तालिम र उद्धारकर्तालाई कानुनी संरक्षण दिने ।
७. चालकको कार्यअवस्था सुधार : रोजगार सम्झौता, सामाजिक सुरक्षा, कारबाहीविरुद्ध उजुरीको व्यवस्था र मानसिक स्वास्थ्यलाई सडक सुरक्षा नीतिमा समेट्ने ।

नेपालका ट्राफिक प्रहरी अल्झी छैनन्। तर सीमित जनशक्ति, न्यून प्रविधि, अनुसन्धानविहीन फाइल र जोखिमपूर्ण सडक संरचनाले सडक सुरक्षा प्रभावकारी बनाउन कठिन बनाएका छन् ।

प्रहरीकै १० वर्षे तथ्यांकले दुर्घटना र घाइतेको संख्या बढिरहेको देखाउँछ। त्यसैले अब प्रश्न चालकलाई मात्र होइन, सडक बनाउने, सवारी नियमन गर्ने र सुरक्षा नीति कार्यान्वयन गर्ने निकायलाई पनि सोध्नुपर्छ । सडकको डिजाइन, कमजोर नियमन र दुर्घटनापछिको उद्धार प्रणालीमा सुधार नगरेसम्म 'चालकको लापरबाही' भन्दै फाइल बन्द गर्ने प्रवृत्तिले सडक सुरक्षा सुनिश्चित गर्न सक्दैन ।

महाभियोगको...

महाभियोगको त्रास देखाइएको बताएका छन्। उनको बयानले न्यायाधीशहरू कस्तो मनोवैज्ञानिक दबाबमा थिए भन्ने बुझ्न कठिन छैन। त्यही अवस्थालाई बिचौलियाले आफ्नो प्रभाव विस्तार गर्न उपयोग गर्न खोजेको देखिन्छ ।

महाभियोगको भय

गत भदौमा प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयले न्यायाधीशविरुद्ध महाभियोगको हल्ला चलाइरहेका बेला सापकोटा न्यायाधीशहरूसँग सम्पर्कमा आएका थिए । आफू पनि महाभियोगको जोखिममा परिने हो कि भन्ने असुरक्षामा रहेको फुँयालले स्वीकार गरेका छन् । ' महाभियोगको खतरामा परिन्छ कि भन्ने थियो । म मात्रै होइन, यहाँका अन्य न्यायाधीश पनि एक खालको असुरक्षामा थिए,' फुँयालले भनेका छन् ।

त्यहीबेला महाभियोगबाट जोगाउन सहयोग गर्ने आश्वासन दिएका सापकोटाले न्यायाधीहरूसँग सम्पर्क बढाएका थिए । कम्तीमा चार न्यायाधीशले उनीसँग भेटेको फुयाँलले खुलासा गरेका छन् । यसले न्यायाधीशहरूबीच महाभियोगको सम्भावनाले असुरक्षाको वातावरण बनाएको र त्यही बेला सापकोटाले उनीहरूसँग सम्पर्क बढाएको देखाउँछ । महाभियोग संवैधानिक जवाफदेहिताको प्रक्रिया हो । तर त्यसैको डर देखाएर न्यायालयलाई प्रभावमा पार्न खोज्नु अस्वीकार्य हुन्छ । न्यायाधीशले राजनीतिक दबाबबाट मुक्त भएर प्रमाण र कानुनका आधारमा निर्णय गर्न सक्ने वातावरण हुनुपर्छ ।

प्रधानमन्त्रीको नाम लिएर प्रभाव विस्तार

फुयाँलको दावीअनुसार सापकोटाले प्रधानमन्त्री, प्रहरी महानिरीक्षक, प्रधानन्यायाधीश र प्रधानसेनापतिसँग आफ्नो निकट सम्बन्ध रहेको बताउने गरेका थिए । 'मेरो प्रधानमन्त्रीसँग सिधै सम्पर्क छ, म बालुवाटार जान्छु,' सापकोटाले भन्ने गरेको फुयाँलले बताएका छन् । प्रहरी महानिरीक्षक र प्रधानसेनापतिसँग पनि निकट सम्बन्ध रहेको दावी उनले गर्ने गरेको फुयाँलको भनाइ छ ।

सापकोटाले आफू प्रधानमन्त्रीको सन्देश लिएर आएकोजस्तो गरी कुरा गर्ने गरेको पनि न्यायाधीश फुयाँलले बताएका छन् । 'त्यो बेला उनी प्रधानमन्त्रीकै प्रतिनिधि हुन् भन्ने मलाई लागेको थियो,' उनको भनाइ छ ।

तर प्रधानमन्त्रीको सचिवालयबाट सापकोटासँग त्यस्तो चिनजान नरहेको प्रधानमन्त्रीको प्रतिनिधित्व गर्ने दावी गरेको, विभिन्न व्यक्तिसँग गरेका कुराकानी र सन्देशका विवरण सचिवालयको उच्च तहमा पुऱ्याएको बताएका छन् । यसले प्रधानमन्त्रीको नाम र उच्चपदस्थ अधिकार सँगको पहुँचको दाबीलाई प्रभाव विस्तार गर्ने माध्यमका रूपमा प्रयोग गरिएको हुन सक्ने देखिन्छ । तर सापकोटाले वास्तवमै प्रधानमन्त्री वा अन्य अधिकारीको प्रतिनिधित्व गर्थे कि गर्दैनथे भन्ने विषय अनुसन्धानबाट पुष्टि हुनुपर्छ ।

कुरा सुशासनका, चासो मुद्दामा

सापकोटाले सुरुमा स्वतन्त्र न्यायपालिका, सुशासन, विधिको शासन र भूराजनीतिका विषयमा कुरा गर्ने गरेको न्यायाधीश फुयाँल बताउँछन्। आफू विभिन्न ठाउँमा गएर उच्चपदस्थ व्यक्तिहरूसँग कुराकानी गर्ने गरेको पनि बताउँथे । तर पछि उनले विभिन्न मुद्दाबारे चासो राख्न थालेको फुयाँलले बताएका छन् । बिमा क्षेत्रसँग सम्बन्धित एक व्यक्तिको मुद्दाबारे कुरा गर्दा आफूले त्यसो नगर्न चेतावनी दिएको र पछि अर्को मुद्दाबारे पनि सन्देश आएको उनी बताउँछन्। रोहित गुप्ताको बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दामा पनि सापकोटाले चासो राखेको फुयाँलले बताएका छन् । त्यसपछि आफूलाई भेट्न खोज्दै प्रधानमन्त्री बेखुसी रहेको र न्यायाधीशहरूले सहयोग गर्नुपर्ने आशयका कुरा गरेको उनको दावी छ ।

फुयाँलका अनुसार, सापकोटाले दीपक भट्टको बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दामा पनि आफू र अन्य न्यायाधीशलाई सन्देश पठाएका थिए । आफूले वित्तीय क्षेत्रसँग सम्बन्धित संवेदनशील मुद्दामा बाहिरबाट प्रभाव पार्न नमिल्ने जवाफ दिएको उनले बताएका छन् ।

यी भनाइले सापकोटाले न्यायाधीशहरूसँगको सम्पर्कलाई मुद्दासम्म विस्तार गर्न खोजेको स्पष्ट पार्छन्। उनीसँगको भेटले फुयाँलको आफ्नै भूमिकामाथि पनि प्रश्न उठाएको छ । विवादित व्यक्तिसँग मुद्दासम्बन्धी संवाद किन भयो, होटलमा भेट्नुको उद्देश्य के थियो र उक्त सम्पर्कको प्रकृति कस्तो थियो भन्नेबारे उनले थप स्पष्ट पार्नुपर्ने देखिन्छ।

उनले आफूले मुद्दामा प्रभाव पार्ने प्रयास अस्वीकार गरेको र कुनै सेटिङ नगरेको दावी गरेका छन् । त्यसको सत्यता भने सन्देशको पूर्ण विवरण, भेटघाटको सन्दर्भ र अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा परीक्षण हुनुपर्छ ।

सापकोटाको व्यवहारबाट आफूहरू असुरक्षित महसुस गर्न थालेपछि बल्ल सम्बन्धित निकायमा जानकारी गराएको गुप्तचर निकाय, विदेशी प्रतिनिधि र उच्चपदस्थ व्यक्तिहरूसँग सम्बन्ध रहेको दावी गर्थे। देशमा 'कू' हुने र ठुलो आन्दोलन आउन सक्ने कुरा पनि गर्ने गरेको फुयाँलको भनाइ छ । त्यसपछि आफूहरूले आपसमा छलफल गरेको, अवकाशप्राप्त सैनिक जनर लसँग परामर्श गरेको र प्रधानसेनापतिसमक्ष सापकोटाका गतिविधिबारे जानकारी गराएको उनले बताएका छन् । त्यसको केही दिनपछि सापकोटा पक्राउ परेको फुयाँल बताउँछन् ।

यस घटनाले न्यायालयमाथि दुईवटा प्रश्न खडा गरेको छ। पहिलो, राजनीतिक पहुँच र महाभियोगको त्रास देखाएर न्यायाधीशलाई प्रभावित पार्ने प्रयास भएको थियो ? दोस्रो, विवादित व्यक्तिसँग न्यायाधीशको सम्पर्क कुन उद्देश्यले भएको थियो र त्यसले न्यायिक निष्पक्षतामाथि कस्तो असर पाऱ्यो ?

यी दुवै प्रश्नको जवाफ निष्पक्ष अनुसन्धानबाट आउनुपर्छ । सापकोटाले प्रधानमन्त्री र अन्य उच्चपदस्थ अधिकारीको नाम प्रयोग गरेर प्रभाव जमाउन खोजेको फुयाँलको दावी पुष्टि भए त्यसमा संलग्न सबैमाथि कारबाही हुनुपर्छ । साथै, न्यायाधीशहरूको भूमिका र शंकास्पद भेटघाटबाट उठेका प्रश्नको पनि प्रमाणका आधारमा निरूपण हुनुपर्छ ।

विवादास्पद सापकोटासँग प्रधानन्यायाधीश मनोजकुमार शर्मा पनि जोडिएका छन् । उनले बिहीबार प्रेस वक्तव्य जारी गर्दै आफ्नो चिनजान नभएको दावी गरेका छन् । सम्भवतः यही प्रकरणबारे छलफल गर्न शुक्रबार बिहान फुलकोर्ट डाकिएको छ । एजेन्डा समसामयिक विषयमा छलफल भनिए पनि केन्द्रमा उही विवाद रहेको सर्वोच्च स्रोतले बतायो ।

काठमाडौंको...

दुई खेलमा पहिलो बलमै विकेट लिँदै सबैको ध्यान खिचेका छन् । बिहीबार काठमाडौं गोर्खाजविरुद्ध ४ विकेट लिएपछि राहुलको चर्चा झनै चुलिएको छ ।

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा बिहीबार भएको खेलमा राहुलले काठमाडौं गोर्खाजको ब्याटिङ ध्वस्त पार्न महत्त्वपूर्ण भूमिका खेले । उनले ४ ओभरमा ३१ रन खर्चेर ४ विकेट लिए । उनको उत्कृष्ट बलिङकै कारण काठमाडौं गोर्खाज १९.३ ओभरमा ११५ रनमै समेटियो । त्यसपछि जनकपुर बोल्ट्सले १७.२ ओभरमा दुई विकेट गुमाएर लक्ष्य पूरा गर्दै ८ विकेटको जित निकाल्यो। जारी सिजनमा जनकपुरको यो पहिलो जित हो ।

उत्कृष्ट प्रदर्शन गरेका राहुल खेलको प्लेयर अफ द म्याचसमेत घोषित भए । एनपिएलमा राहुलले दुई खेलबाट ६ विकेट आफ्नो नाममा पारिसकेका छन् । एनपिएलमा डेब्यु गरेको पहिलो खेलमै राहुलले आफ्नो स्पेलको पहिलो बलमा विकेट लिएका थिए । कात्तिक १० गते कर्णाली याक्सविरुद्धको खेलमा जनकपुरका कप्तान हरमित सिंहले तेस्रो ओभरमा राहुललाई बलिङ गर्न दिएका थिए । त्यतिबेला कर्णालीका ब्याटर दीपक डुम्रे आक्रामक ब्याटिङ गरिरहेका थिए । उनले अघिल्लो ओभरमा लगातार दुई छक्का प्रहार गरिसकेका थिए ।

तर, राहुलले आफ्नो पहिलो बलमै डुम्रेलाई बोल्ड गरे । डेब्यु खेलको पहिलो बलमै विकेट लिएर उनले आफ्नो क्षमता देखाए। त्यसपछि पाकिस्तानका अलराउन्डर हुसेन तलातलाई पनि उनले दबाबमा राखे। राहुलले चार ओभरमा १५ रन खर्चेर दुई विकेट लिए। उनको बलिङ राम्रो भए पनि जनकपुरले उक्त खेल १९ रनले गुमाएको थियो ।

कर्णालीविरुद्धको खेलमा टोली पराजित भए पनि राहुलको प्रदर्शनले प्रशिक्षक र कप्तानको ध्यान खिच्यो । त्यसको दुई दिनपछि काठमाडौंविरुद्ध उनले चार विकेट लिएर आफूलाई प्रमाणित गरे ।

को हुन् राहुल यादव ?

राहुल यादवको जन्म सन् २०१० मे २४ मा रौतहटको चन्द्रपुरमा भएको हो । दायाँहाते मध्यम गतिका बलर राहुल अहिले कक्षा ९ मा अध्ययनरत छन् ।

उनले चन्द्रपुर क्रिकेट एकेडेमीमा करिब तीन वर्षदेखि प्रशिक्षण लिँदै आएका छन् । विद्यालयको पढाइसँगै क्रिकेटलाई अघि बढाइरहेका राहुलका लागि स्थानीय मैदान नै व्यावसायिक क्रिकेटसम्म पुग्ने आधार बनेको छ ।

चन्द्रपुर क्रिकेट एकेडेमीका संस्थापक देवेन्द्र कार्कीका अनुसार राहुलको बलिङ गर्ने शैली, बलमा विविधता र गतिले उनलाई अरू युवा बलरभन्दा फरक बनाएको थियो। उनको क्षमतालाई सुरुबाटै नजिकबाट नियालिरहेका कार्कीले राहुलमा राम्रो सम्भावना देखेका थिए ।

राहुलले एकेडेमीमा प्रशिक्षण लिने क्रममा विभिन्न स्थानीय प्रतियोगितामा पनि भाग लिँदै आएका थिए। उनले चन्द्रपुर क्रिकेट लिग २०८२ मा प्लेयर अफ द म्याचको पुरस्कार पाएका थिए । त्यस्तै, मधेश प्रदेशस्तरीय यु-१६ प्रतियोगितामा प्लेयर अफ द सिरिजसमेत बनेका थिए ।

एनपिएलको यात्रा

एनपिएलमा पुरनुअघि राहुलले देशभरका युवा तीव्र गतिका बलर पहिचान गर्ने कार्यक्रम 'विट द स्पिड' सिजन ३ मा भाग लिएका थिए । वर्ल्डलिंकले सञ्चालन गरेको उक्त कार्यक्रममा उनले गौरमा भएको छनोट चरणमा 'फेस द ब्याट्समयान' चुनौती जितेका थिए ।

यसले उनलाई ब्याटरविरुद्ध आफ्नो बलिङ क्षमता देखाउने अवसर दियो । प्रतियोगितामा देखाएको प्रदर्शनले राहुललाई मधेश प्रदेशबाट उदाउँदै गरेका सम्भावनायुक्त युवा बलरका रूपमा चिनाउन सहयोग गऱ्यो ।

त्यसपछि जनकपुर बोल्ट्सले रौतहटको चन्द्रपुरस्थित कोटिहोम क्रिकेट मैदानमा ट्यालेन्ट हन्ट आयोजना गऱ्यो । सन् २०२६ को अक्टोबरमा भएको दुईदिने छनोट कार्यक्रममा देशभरबाट ४४६ भन्दा बढी खेलाडीले नाम दर्ता गराएका थिए। तीमध्ये करिब २०० खेलाडी मैदानमा भएको छनोट प्रक्रियामा सहभागी भए ।

खेलाडीको छनोट गर्दा शारीरिक क्षमता, नेटमा बलिङ र ब्याटिङ, तीव्र तथा स्पिन बलिङ र फिल्डिङको परीक्षण गरिएको थियो। यस प्रक्रियाबाट जनकपुरले सात जना किशोर खेलाडीलाई आफ्नो विकास टोलीमा छनोट गऱ्यो। राहुल पनि त्यसमा परे ।

विकास टोलीमा छनोट भएका खेलाडीलाई एनपिएलका क्रममा मुख्य टोलीसँगै अभ्यास गर्ने अवसर दिइएको थियो । अभ्यास र छनोटमा देखाएको क्षमताका आधारमा राहुलले मुख्य टोलीमा स्थान बनाउने अवसर पाए। अक्टोबर २५ मा जनकपुर बोल्ट्सले राहुललाई आफ्नो 'आइकोनिक प्लेयर' घोषणा गरेको थियो ।

'नेपालको मलिंगा बन्न सक्छन् राहुल'

राहुलको बलिङबाट जनकपुरका विदेशी खेलाडीसमेत प्रभावित भएका छन्। बिहीबार काठमाडौं गोर्खाजविरुद्धको खेलपछि जनकपुरका इंग्लिस अलराउन्डर मोइन अलीले राहुलको बलिङ शैलीको प्रशंसा गरे ।

मोइनका अनुसार राहुलको बलिङ गर्ने शैली र क्षमताले उनलाई भविष्यमा राम्रो खेलाडी बन्ने सम्भावना देखाएको छ। उनले राहुलले अहिले देखाइरहेको बलिङ शैलीलाई श्रीलंकाका चर्चित तीव्र गतिका बलर लसिथ मलिंगासँग तुलना गरेका छन् ।

मलिंगा आफ्नो फरक बलिङ शैली र योर्कररका लागि विश्व क्रिकेटमा चर्चित छन् । उनको बलिङ शैलीबाट प्रभावित भएर राहुललाई नेपालको मलिंगा बन्न सक्ने सम्भावना देखिएको मोइनको भनाइ छ ।

काठमाडौं गोर्खाजविरुद्धको खेलपछि राहुलले एनपिएललाई सिक्ने अवसरका रूपमा लिएको प्रतिक्रिया दिए । टोलीमा आफू सबैभन्दा कान्छो खेलाडी भएको उल्लेख गर्दै राहुलले सिनियर खेलाडीसँग धेरै कुरा सिकिरहेको बताएका छन् ।

बंगलादेश...

सम्झौतालाई बंगलादेशमा वैदेशिक रोजगारीका अवसर विस्तारमा महत्वपूर्ण कोशेढुंगा मानिएको छ । बंगलादेशका प्रधानमन्त्री तारिक रहमानको आगामी जापान भ्रमणका क्रममा दुबै पक्षले सम्झौताका प्रतिलिपि औपचारिक रूपमा आदानप्रदान गर्नेछन् ।

सम्झौताअन्तर्गत १ अप्रिल २०२७ देखि कामदार भर्ना सुरु हुनेछ। यो सुरुमा पाँच वर्षका लागि लागू हुने र म्याद सकिएपछि स्वतः अर्को पाँच वर्षका लागि विस्तार भई यसको अवधि १० वर्ष पुग्ने बताइएको छ। बंगलादेशी कामदार हरूले जापानी कामदारलाई प्रदान गरिएसरह कानुनी सुरक्षा प्राप्त गर्ने बताइएको छ।

दुई देशबीच भएको यो रणनीतिक साझेदारीअनुसार जापानले आफ्नो अर्थतन्त्र धान्न सन् २०२८ सम्ममा १२ लाख ३१ हजारभन्दा बढी विदेशी श्रमिक भित्र्याउने बृहत् लक्ष्य पूरा हुने बताएको छ । जापानले नेपाल, बंगलादेश र भियतनामजस्ता धेरै देशबाट श्रमिक आपूर्ति गरिरहेको छ ।

अहिले जापानमा ३ लाख ३० हजार विदेशी कामदार छन्। महँगो भाडा तिर्नुपर्ने अवस्थाबाट बच्न छुट्टीमा घर आएका श्रमिकहरूले पहिले हवाई टिकट सुनिश्चित गर्ने र त्यसपछि पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने गरेका छन् ।

तर, विभागले श्रमिकको समस्याभन्दा आफ्नै सुविधाअनुसारको कार्यप्रणाली अपनाउँदा श्रमिकहरू हतारहतारमा टिकट खरिद गर्नुपर्ने र महँगो भाडा तिर्नुपर्ने अवस्था आएको गुनासो पटकपटक दोहोरिँदै आएको छ । तर, विभागले गुनासो सुनेर रोजगारदातामाझ लामो समयदेखि बलियो विश्वास र छुट्टै पहिचान बनाइसकेका छन् । नेपालले 'स्पेसिफाइड स्किल्ड वर्कर' र नयाँ 'इकुसेई स्युरो' प्रणालीअन्तर्गत आफ्नै संयन्त्र र कोटामार्फत कामदार पठाइरहेकाले बंगलादेशी श्रमिकको आगमनले नेपालले पाइरहेको रोजगारीको अवसर र कोटामा सुरुवातमै कटौती हुने छैन । तर, भविष्यमा नेपाली र बंगलादेशी कामदार मलेसियामा जस्तै एकअर्काका प्रतिस्पर्धी देखिन सक्ने विश्लेषण गरिएको छ ।

पुनः श्रम...

व्यावहारिक निर्णय लिने शैली अख्तियार गर्न नचाहेको कतिपयको टिप्पणी छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्

कांग्रेस पदाधिकारीले सम्हाले पदभार

चार केन्द्रीय सदस्यले पाएनन् शपथ

मध्यान्ह संवाददाता
काठमाडौं, १२ कात्तिक



नेपाली कांग्रेसको १५ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारीले औपचारिकरूपमा पदभार सम्हादै गर्दा सोही प्रक्रियामा निर्वाचित चार केन्द्रीय सदस्यले शपथ लिन पाएनन्। विशेष महाधिवेशन हुँदै १५औं नियमित महाधिवेशनबाट आएको नवीन कांग्रेसले अदालतमा मुद्दा विचाराधीन रहेका नेताको शपथ रोकेर सुशासन जग बसाल्न खोजेको सन्देश दिएको छ।

अदालतमा मुद्दा रहेकाले नवनिर्वाचित केन्द्रीय सदस्य सन्तोष चालिसे, विनीता खड्का, मोहन बस्नेत र उमेशचन्द्र यादवले शपथ लिन पाएनन्। खड्का केन्द्रीय सदस्यमा विजयी भएपनि निर्वाचन समितिले नै निर्वाचित भएको घोषणा गरेको छैन। 'अदालतमा उहाँको मुद्दा रहेकाले अहिलेलाई रोक्ने भन्ने कुरा छ,' निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले भने, 'अदालतबाट सफाइ पाएपछि उहाँहरूले जिम्मेवारी पाइहाल्नुहुन्छ।' यस्तै, केन्द्रीय सदस्यका उम्मेदवार सौगात थापाले ३५ वर्षमुनिको क्लस्टरबाट निर्वाचित सुशील भट्टको पनि शपथ रोक्न माग गरेका थिए। भट्ट ३६ वर्ष पुगेको भन्दै हिजो निर्वाचन आयोगमा उजुरी परेको छ। मोहन बस्नेत र उमेशचन्द्र यादवको पनि भ्रष्टाचार मुद्दा विचाराधिन रहेको कांग्रेसले जनाएको छ।

सभापति गगन थापाले १५औं महाधिवेशनबाट निर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यहरूलाई बिहीबार पद तथा गोपनीयताको शपथ गराए। त्यससँगै केन्द्रीय समितिले आधिकारीकरूपमा चार वर्षका लागि जिम्मेवारी लिएका हुन्।

ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा औपचारिक रूपमा शपथ लिएर आ-आफ्नो जिम्मेवारी ग्रहण गरिएको नेताहरूले बताएका छन्। रातो कार्पेट र फुल मालाले नवनिर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यहरूलाई पार्टी कार्यालयमा स्वागत गरिएको थियो। सभापति थापाले यसअघि नै शपथ लिइसकेका थिए। महाधिवेशनबाट वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मासहित उपसभापतिमा चन्द्रकान्त भण्डारी, मधु आचार्य, पुष्पा भुसाल, विनोद चौधरी, महामन्त्रीमा प्रदीप पौडेल, डिला संग्रौला, उदयशमशेर जबरा लगायतका पदाधिकारी निर्वाचित भएका थिए।

कांग्रेसले यसपटक विधानमै व्यवस्था गरेर ३५ वर्ष मुनिका २१ जना केन्द्रीय सदस्य बनाएको छ। त्यस्तै विभिन्न क्षेत्रगत विशेषज्ञलाई समेत पार्टी नेतृत्वमा स्थापित गरेको छ। केन्द्रीय निर्वाचन समितिका अनुसार २२९ पदका लागि भएको निर्वाचनमा करिब एक लाख ६२ हजार मतपत्र गणना गरिएको थियो।

२० पदाधिकारीको वरीयता तोकियो

नवनिर्वाचित २० पदाधिकारीको वरीयता तोकिएको छ। बिहीबार महाधिवेशनबाट निर्वाचित पदाधिकारी र सदस्यको शपथपछि पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकले पदाधिकारीहरूको वरीयता तोकेको हो। पहिलो वरीयतामा सभापति गगन थापा रहँदा दोस्रो वरीयतामा वरिष्ठ उपसभापति विश्वप्रकाश शर्मा, तेस्रो वरीयतामा महिला उपसभापति पुष्पा भुसाल छन्।

चौथो र पाँचौं वरीयतामा खुलातर्फ उपसभापति जितेका डा.चन्द्रकान्त भण्डारी र मधु आचार्य छन्। छैटौं वरीयतामा समावेशीतर्फ उपसभापति जितेका विनोद चौधरी, सातौं वरीयतामा महामन्त्री प्रदीप पौडेल, आठौं वरीयतामा महामन्त्री डा.डिला संग्रौला पन्त र नवौं वरीयतामा महामन्त्री उदय शमशेर राणा छन्। पौडेल र राणाले खुलातर्फ र डा.संग्रौलालले महिलातर्फ महामन्त्री जितेका थिए। ११ सहमहामन्त्रीमध्ये पहिलो वरीयतामा बहादुर सिंह लामा तोकिएका छन्। उनको वरीयाता १० औं नम्बर हो भने जनजातितर्फ सहमहामन्त्रीमा निर्वाचित भएका थिए। ११औं वरीयतामा सहमहामन्त्री योगेन्द्र चौधरी, १२ औं वरीयतामा सहमहामन्त्री प्रकाश स्नेही रसाइली १३ औं वरीयतामा जीवन शाही, १४ औं वरीयतामा अजय चौरासिया, १५औं वरीयतामा आंगेलु शेपा, १६ औं वरीयतामा रामहरि खतिवडा, १७औं वरीयतामा प्रतिमा गौतम, १८औं वरीयतामा अजयबाबु सिवाकोटी, १९औं वरीयतामा सहमहामन्त्री मनोज आचार्य र २०औं वरीयतामा डा.फिरदोश आलमलाई तोकिएको नेपाली कांग्रेसले जनाएको छ।

फतुवा विजयपुरमा कांग्रेसलाई धक्का

मेयर यादवसहित नेता-कार्यकर्ता जसपामा प्रवेश

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, १२ कात्तिक



रौतहटको फतुवा विजयपुर नगरपालिकामा नेपाली कांग्रेस परित्याग गरी मेयर गोपाल यादवसहित सयौं नेता तथा कार्यकर्ता जनता समाजवादी पार्टी (जसपा)मा प्रवेश गरेका छन्।

बिहीबार रौतहटको गुजरा नगरपालिकास्थित सिमा भवानीपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनीहरू जसपामा प्रवेश गरेका हुन्। पार्टी प्रवेश गर्नेहरूमा फतुवा विजयपुर नगरपालिकाका निलम्बित मेयर गोपाल यादव, उनका छोरा तथा भावी मेयर पदका उम्मेदवारका रूपमा प्रस्तुत गरिएका आदित्य यादव, पूर्व वडाध्यक्ष हिरालाल यादव, भविष्ण यादव, वडा अध्यक्ष पदका प्रत्याशी जगदीश यादव र त्रिलोकी यादवसहित सयौं नेता तथा कार्यकर्ता रहेका छन्।

नवप्रवेशी नेता तथा कार्यकर्तालाई जनता समाजवादी पार्टीका केन्द्रीय वरिष्ठ उपाध्यक्ष गोविन्द चौधरीले टीका तथा माला लगाएर पार्टीमा स्वागत गरेका हुन्। कार्यक्रममा जसपाको मधेस प्रदेश अध्यक्ष बालकिशोर यादव, गुजरा नगरपालिकाको मेयर सन्तलाल चौधरी,प्रदेश सचीव पुनित राम प्रदेश सदस्य अनिल यादव, बिजय चौधरी लगायतका नेताहरुको उपस्थिति रहेको थियो।

फतुवा विजयपुर नगरपालिकाका प्रभावशाली स्थानीय नेताहरू जसपामा प्रवेश गरेपछि नगरको राजनीतिक वृत्तमा चर्चा बढेको छ। आगामी स्थानीय निर्वाचनलाई लक्षित गर्दै विभिन्न राजनीतिक दलहरूले आफ्नो संगठन विस्तार र राजनीतिक गतिविधिलाई तीव्रता दिइरहेका बेला भएको यस पार्टी प्रवेशलाई स्थानीय राजनीतिक समीकरणसँग जोडेर हेरिएको छ।

विद्यालय सुधार परियोजनाको अनुगमन

बिनोद निगम/मध्यान्ह
नवलपरासी, १२ कात्तिक



पश्चिम नवलपरासीको सरावल गाउँपालिकामा सञ्चालित विद्यालय सुधार परियोजनाको स्थानीय परियोजना सल्लाहकार समिति (एलपीएसी) ले अनुगमन गरेको छ। अनुगमनका क्रममा विद्यालयको भौतिक पूर्वाधार, शिक्षकको क्षमता अभिवृद्धि तथा बालमैत्री र समावेशी शिक्षण पद्धतिको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ।

चाइल्डफन्ड जापान र इन्द्रेणी सामाजिक विकास मञ्चको सहकार्यमा तथा जापान सरकारको परराष्ट्र मन्त्रालय (एमओएफए) को आर्थिक सहयोगमा सञ्चालित 'बालमैत्री तथा समावेशी शिक्षाका लागि विद्यालयको वातावरण सुधार कार्यक्रम' अन्तर्गतका गतिविधिको अनुगमन गरिएको हो।

अनुगमन टोलीले सरावल गाउँपालिका-५ स्थित जनता आधारभूत विद्यालय, धनगडवामा निर्माणाधीन छ कोठे आरसीसी भवन, छकोठे आरसिसी शौचालय र चारवटा धारा रहेको खानेपानी संरचनाको निरीक्षण गरेको थियो। त्यस्तै, वडा नं. ६ गडौरीस्थित महेन्द्र जनता माध्यमिक विद्यालयमा परियोजनामार्फत सञ्चालित शिक्षक तालिम तथा अन्य सहयोगका कार्यक्रमको अवस्थाबारे जानकारी लिएको थियो।

टोलीले निर्माणाधीन संरचनाको प्रगति र गुणस्तर, शिक्षक तालिमबाट प्राप्त ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोग, शिक्षण सिकाइ क्रियाकलाप र विद्यालयको समग्र शैक्षिक वातावरणबारे समीक्षा गरेको थियो। साथै बालमैत्री तथा समावेशी शिक्षण पद्धतिको प्रयोग र विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरणसम्बन्धी गतिविधिको अवस्थासमेत अवलोकन गरिएको थियो। सरावल गाउँपालिकामा आयोजित समीक्षा तथा छलफल कार्यक्रममा गाउँपालिका अध्यक्ष सुखाडी प्रसाद चौधरीको अध्यक्षता रहेको थियो। कार्यक्रममा परियोजना प्रबन्धक बिना चौधरीले परियोजनाको प्रगति, उपलब्धि, चुनौती तथा सिकाइबारे प्रस्तुतीकरण गरेकी थिइन्। इन्जिनियर दुर्गा प्रसाद ढकालले परियोजनाअन्तर्गत भइरहेका निर्माण कार्यको प्रगतिबारे जानकारी गराएका थिए।

अनुगमनका क्रममा निर्माण कार्यको गुणस्तर कायम गर्ने, परियोजनाका गतिविधि प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, स्रोतसाधनको सदुपयोग गर्ने र उपलब्धिहरूलाई दिगो बनाउने विषयमा सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको थियो।

अनुगमनमा गाउँपालिका अध्यक्ष सुखाडी प्रसाद चौधरी, उपाध्यक्ष बासमति हरिजन, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख महेन्द्र सुवेदी, प्रमुख प्रशासकीय अधिकृत श्रीप्रसाद गौतम, शिक्षा शाखा प्रमुख प्रमोद यादव, इन्द्रेणी सामाजिक विकास मञ्चकी उपाध्यक्ष धनमति सापकोटा, कार्यकारी निर्देशक पुष्पराज आचार्य, चाइल्डफण्ड जापानका प्रोजेक्ट म्यानेजर मनोज थारू, परियोजना प्रबन्धक बिना चौधरी, इन्जिनियर दुर्गा प्रसाद ढकाल, लेखा अधिकृत यशोद सुवेदी र परियोजना फिल्ड अफिसर जितेन्द्र प्रसाद हरिजनलगायतको सहभागिता थियो।

सरावल, प्रतापपुर गाउँपालिका र बर्दघाट नगरपालिकाका चार-चार गरी पश्चिम नवलपरासीका १२ सामुदायिक विद्यालयमा परियोजना सञ्चालन भइरहेको छ।

ममता वेपत्ता प्रकरण

म्यासेज र गुगल सर्चले खोले नयाँ रहस्य



काठमाडौं/मस- ममता काफ्ले बेपत्ता प्रकरणमा उनका पति नरेश भट्टको गुगल सर्च हिस्ट्री र दम्पतीबीचका टेक्स्ट म्यासेज अमेरिकी अदालतमा महत्वपूर्ण प्रमाण बनेका छन्। अभियोजन पक्षले तिनलाई सम्भावित मनसायसँग जोडेको छ भने प्रतिरक्षा पक्षले डिजिटल विवरणको समय, स्रोत र व्याख्यामाथि प्रश्न उठाएको छ।

नेपाली मूलकी ममता काफ्ले बेपत्ता भएको दुई वर्षभन्दा बढी समयपछि उनका श्रीमान् नरेश भट्टविरुद्धको हत्या मुद्दा अमेरिकी अदालतमा पुगेको छ। ममताको शव अझै फेला परेको छैन। त्यसैले अभियोजन पक्षले डिजिटल अभिलेख, भौतिक प्रमाण र साक्षीका बयानका आधारमा घटनाक्रम जोड्ने प्रयास गरिरहेको छ।

प्रिन्स विलियम काउन्टी प्रहरी विभागकी अधिकारी क्याथरिन जाइमिसले अदालतमा नरेशको डिजिटल गतिविधिबारे बयान दिएकी छन्। उनले गुगल सर्च हिस्ट्री र दम्पतीबीचका सन्देश आदानप्रदानसम्बन्धी विवरण प्रस्तुत गरेकी थिइन्। अभियोजन पक्षले यी विवरणलाई ममता बेपत्ता हुनुअघिको वैवाहिक तनाव र नरेशको सम्भावित मनसाय बुझ्ने आधार मानेको छ।

अमेरिकी सञ्चारमाध्यम फक्स फाइभ डीसीका अनुसार, नरेशको खातासँग सम्बन्धित गुगल सर्च हिस्ट्रीमा 'श्रीमती बेपत्ता भएमा के हुन्छ', 'श्रीमती हराएपछि सम्बन्धविच्छेद गर्न मिल्छ कि मिल्दैन' र जीवनसाथीको मृत्युपछि पुनः विवाह गर्न कति समय लाग्छ भन्नेजस्ता खोजी भेटिएका थिए।

डिजिटल फरेन्सिक अनुसन्धानमा सन् २०२४ को मार्चमा गरिएका केही खोजी पनि सार्वजनिक भएका थिए। अभियोजन पक्षले यस्ता खोजीलाई ममता बेपत्ता हुनुअघिको सम्भावित मनसायसँग जोडेको छ। फक्स फाइभका अनुसार, प्रतिरक्षा पक्षले केही खोजीको समय स्पष्ट नभएको विषय उठाएको छ। समय नखुलेका खोजीबाट घटनाक्रमको ठ्याक्कै क्रम र त्यसपछाडिको उद्देश्य निश्चित गर्न नसकिने उसको जिकिर छ।

नरेशको डिजिटल इतिहासमा 'ह्युमन ब्रेन डायग्राम' अर्थात् मानव मस्तिष्कको चित्र खोजिएको अभिलेख पनि भेटिएको थियो। अधिकारी जाइमिसले अदालतमा उक्त खोजीबाट मस्तिष्कका विभिन्न भाग देखाइएको चित्र प्राप्त भएको बताएकी थिइन्। यो विवरण ममता अन्तिमपटक सन् २०२४ जुलाई २९ मा आमासँग भिडियो कलमा कुरा गरेपछि सम्पर्कविहीन भएको घटनाक्रमसँग जोडेर प्रस्तुत गरिएको छ।

त्यस्तै, नरेशको डिजिटल इतिहासमा धारिला औजार, काठ काट्ने हाते आरा र चक्कु तिखार्ने उपकरणसम्बन्धी खोजी भेटिएको फक्स फाइभले जनाएको छ। दम्पतीकी सानी छोरीलाई साथीलाई दिन मिल्छ कि मिल्दैन भन्ने आशयको खोजी पनि सार्वजनिक भएको छ। अभियोजन पक्षले यी विवरणलाई अन्य प्रमाणसँग जोडेर व्याख्या गरिरहेको छ। तर, कुनै विषय खोजिएको तथ्य आफैंमा अपराधको प्रमाण होइन। त्यसको समय, सन्दर्भ र अन्य प्रमाणसँगको सम्बन्ध स्थापित गर्न आवश्यक हुने प्रतिरक्षाको दाबी छ।

टेक्स्ट म्यासेजमा वैवाहिक तनाव

अदालतमा नरेश र ममताबीच आदानप्रदान भएका टेक्स्ट म्यासेज पनि प्रस्तुत गरिएका छन्। ती सन्देशमा पैसा, पारिवारिक जिम्मेवारी र छोरीको हेरचाहलाई लिएर विवाद भएको देखिने अभियोजन पक्षको दाबी छ।

अमेरिकी सञ्चारमाध्यम कोर्टहाउस न्युज सर्भिसका अनुसार, एउटा सन्देशमा आत्महत्याको प्रसंग उल्लेख थियो। त्यसको जवाफमा ममताले नरेशलाई जिम्मेवार ठहऱ्याएको आशयको सन्देश पठाएको विवरण अदालतमा प्रस्तुत गरिएको थियो।

ममताका साथीहरूले उनी छुट्टै बस्ने ठाउँ खोजिरहेको, आफ्नै बैंक खाता खोल्न र छुट्टै फोन लिन सहयोग खोजिरहेको बताएका छन्। उनी सम्बन्धबाट अलग हुने सम्भावनाबारे पनि साथीहरूसँग कुरा गर्थिन् भन्ने बयान अदालतमा आएको थियो। अभियोजन पक्षले यी विवरणलाई दम्पतीबीचको तनाव र सम्बन्धमा आएको दरारको प्रमाणका रूपमा प्रस्तुत गरेको छ।

बेपत्ता भएपछि के भयो ?

ममता जुलाई २९, २०२४ मा आमासँग भिडियो कलमा कुरा गरेपछि सम्पर्कविहीन भएकी थिइन्। उनी भर्जिनियाको मनाससस्थित अस्पतालमा नर्सका रूपमा कार्यरत थिइन्। जुलाई २७ मा काममा देखिएकी उनी त्यसपछि नियमित सम्पर्कमा नरहेको विवरण सार्वजनिक भएको थियो।

ममताका साथी र सहकर्मीले उनको अवस्थाबारे चासो देखाएपछि अगस्ट २ मा प्रहरी नरेशको घर पुगेको थियो। त्यसक्रममा नरेशले ममता टेक्सास वा न्युयोर्कतिर परिवारसँग गएको हुन सक्ने र फोन बिगारेको हुन सक्ने आशयको कुरा प्रहरीलाई बताएका थिए भन्ने विवरण अदालतमा प्रस्तुत भएको छ।

अभियोजन पक्षले ममता बेपत्ता भएपछि नरेशले गरेका गतिविधिलाई पनि शंकास्पद मानेको छ। निगरानी क्यामेराको फुटेजमा उनले विभिन्न स्थानमा फोहोरका झोला राखेको देखिएको विवरण अदालतमा प्रस्तुत गरिएको थियो। पूर्व एफबीआई एजेन्ट क्यासान्ड्रा बुलजोमीले फुटेजको गुणस्तर सुधार गरी प्रस्तुत गरेको बताइएको छ। त्यस्तै, घरमा शंकास्पद दाग भेटिएको, सरसफाइका सामान खरिद गरिएको र करौंतीमा ममताको डीएनएसँग मेल खाने नमुना भेटिएको विवरण पनि मुद्दामा प्रस्तुत गरिएको छ। अभियोजन पक्षले यी प्रमाणलाई घटनाक्रमको समग्र चित्रसँग जोडेको छ।

मलेसियाले शरणार्थीहरूलाई सर्तसहित रोजगारी गर्न दिने

क्वालालम्पुर/मस- मलेसियाले शरणार्थी दर्ता कागजात कार्ड भएका शरणार्थीहरूलाई सर्तसहित रोजगारी गर्न दिने भएको छ। गृहमन्त्री सैफुद्दीन नासुसन इस्माइलले यो कदमले नयाँ विदेशी कामदार ल्याउनुपर्ने बाध्यताको विकल्प प्रदान गर्ने बताए। उनले शरणार्थीहरूलाई छाया अर्थतन्त्रमा पर्न वा सिन्डिकेटहरूद्वारा शोषण हुनबाट रोक्न सरकारले कार्डवाहकहरूलाई औपचारिक रोजगार क्षेत्रमा सर्तसहित पहुँच प्रदान गर्ने निर्णय गरेको बताए।

संसदमा जवाफ दिँदै गृहमन्त्री सैफुद्दीनले अध्यागमन विभागले शरणार्थीहरूलाई दर्ता गरी उनीहरूको बायोमेट्रिक डेटा संकलन गर्ने बताए। यो प्रक्रिया आगामी जनवरी १ देखि सुरु हुने उनले जानकारी दिए।

मलेसियामा करिब २ लाख २५ हजार रोहिंग्या शरणार्थी रहेका छन्।

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५।०२।२३ मा दर्ता भएको **टेस्ट एण्ड टेल्स् रेस्टुरेण्ट प्रा. लि.(प्रा.लि. नं. १९१०५७)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०७/१३

यस कम्पनीको मिति २०८३।०५।२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार सावित कम्पनी **पाठशाला एजुकेशन फाउण्डेशन पर्सा प्रा.लि. (दर्ता नं. १४३७२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सुवर्ण एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६३।०५।०१ मा दर्ता भएको **दुध्धधारी निर्माण सेवा प्रा.लि.(प्रा.लि. नं. ४१०८५)** को नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०४/३२ मा दर्ता भएको **प्रा.लि.नं. १७३२०१** को **ओम पेन्टाटेक इन्जिनियरिङ्ग सोलुसन** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

श्री स्वास्थ्य सेवा महाशाखा
छाउनी, काठमाण्डौ ।

बोलपत्र आहानको सूचना

(पहिलो पटक सुचना प्रकाशित मिति २०८३/०७/१३ गते)

१. यस महाशाखालाई आ.व. २०८३/०८४ मा आवश्यक पर्ने देहायमा उल्लेखित सामाग्रीहरु बोलपत्र (Hard Copy) को माध्यमबाट खरिद गरिने हुँदा ईच्छुक योग्य बोलपत्रदाताको लागि देहाय अनुसार सूचना प्रकाशित गरिएको छ।

२. बोलपत्र सम्बन्धी विवरण :-

ठेक्का नं.	कामको विवरण	जमानत रकम रु.	दस्तुर	कागजाद खरिद गर्ने अन्तिम मिति	पेश गर्ने अन्तिम मिति र समय	खोल्ने मिति र समय
NAWF/SSM/ PRINTING/CHHA/ 2083/84/29	विभिन्न छपाई	१,२८,०००।००	३०००।००	२०८३/०८/०३ गतेको १७०० बजेसम्म	२०८३/०८/०४ गतेको १२०० बजेभित्र	२०८३/०८/०४ गतेको १३०० बजे
NAWF/SSM/GOODS/ CHHA/2083/84/30	कार्यालय उपकरण	६४,०००।००	३०००।००	२०८३/०८/०३ गतेको १७०० बजेसम्म	२०८३/०८/०४ गतेको १२०० बजेभित्र	२०८३/०८/०४ गतेको १३०० बजे

३. बोलपत्रदाताले तोकिएको दस्तुर बापतको रकम हिमालयन बैंक लिमिटेड, हलचोक शाखाको बैंक खाता नं. १२००२९१५२८००६२ मा जम्मा गरेको सक्कल भौचर सहित बोलपत्र फाराम श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीबाट खरिद गरि तोकिएको समयभित्र पेश गर्नु हुन सूचित गरिन्छ। साथै, थप जानकारीको लागि फोन नं. ०१४२७८९४३ मा सम्पर्क गर्नुहुन समेत सुचित गरिन्छ।

यती मोबिलिटी प्रा. लि.
दामोदर मार्ग, जावलाखेल, ललितपुर
PAN: ६२३६४००१६

अधिकतम खुद्रा मूल्य (MRP) सम्बन्धी सार्वजनिक सूचना

यस कम्पनीले पैठारी गरी बिक्री वितरण गर्ने YETI ब्राण्डका विद्युतीय स्कुटरहरूको अधिकतम खुद्रा मूल्य (MRP) देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	मोडेल	MRP (रु.)
१	YETI BLADE	३,९९,०००/-
२	YETI MAX	३,९९,०००/-
३	YETI NOMAD	१,७५,०००/-

• माथि उल्लेखित मूल्य सम्पूर्ण कर सहितको हो र नेपालभर लागू हुनेछ।
• कुनै पनि बिक्रेताले उक्त मूल्यभन्दा बढी मूल्यमा बिक्री गर्न पाउने छैन।
• यो मूल्य मिति २०८३/०७/१२ देखि लागू हुनेछ।

सम्पर्क: +977-9714511411 | info@yetiev.com | yetiev.com

VACANCY ANNOUNCEMENT

यस स्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

☑ **Public Relation Officer (PRO) - (5 Male)**

- Experienced in related fields.
- Must have knowledge of operating computers and speaking English.

Salary Negotiable

Interested candidate can send their CV at info@eminencenepal.com

EMINENCE Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu, Nepal
Tel: 4110036, 4110040,
Web: www.eminencenepal.com

Contact No : 9851164164, 9841461232, 9849964370, 9709139159

हकदावीको सूचना

गण्डकी प्रदेश, पर्वत जिल्ला, मोदी गाउपालिका, भुकताडले, वडा नं.०१ बस्ने खडक सिङ गुरुङकी नातीनी, श्री देवी रास गुरुङकी छोरी, श्री गिता गुरुङको मिति वि.सं.२०८३/०६/०७ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं.०११०५०५०२७८२९४ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजकी आमा सुवा गुरुङले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB शाखा कार्यालय, चिप्लेढुङ्गा शाखा
फोन नं.:- ०६१-५८८९१९

नाम थर जन्म मिति फरक परि प्रमाणित गरिएको सूचना



सुखेत जिल्ला सार्विक कल्याण गा.वि.स. वडा नं. ५ हाल सुखेत जिल्ला विरेन्द्रनगर नगरपालिका वडा नं. १० बस्ने भारतिय सेनाका पेन्सनर सेना नं ५३४६६७३F हवल्दार प्रेम बहादुर थापा ३/४ जी.आर. (PPO No S/05५९०७/२००४) मेरो श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर मनिसरा खरु जन्म मिति वि.स.२०२८ (वर्ष १६) र पतिको नाम थर प्रेम बहादुर खरु उल्लेख भएको, मेरो नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर प्रेम बहादुर थापा भएको र भारतिय पेन्सन पट्टा PPO मा मेरो श्रीमतिको नाम थर मनिसरा थापा जन्म मिति सन् ०८/०९/१९७२ उल्लेख भई फरक परेको हुँदा दुवै नाम थर उल्लेख भएका मनिसरा खरु जन्म मिति २०२८ (वर्ष १६) र मनिसरा थापा जन्म मिति सन् ०८/०९/१९७२ तथा प्रेम बहादुर खरु र प्रेम बहादुर थापा दुवै नाम थर र जन्म मिति उल्लेख भएको व्यक्तिहरु फरक फरक नभई एउटै हो भनि नेपाली नागरिकता प्रमाणपत्र अनुसार प्रमाणित गरिएको र भारतिय पेन्सन पट्टा PPO मा नेपाली नागरिकता प्रमाणपत्र अनुसार नाम थर र जन्म मिति सच्चाई दिनुहुन यसै राष्ट्रिय पत्रिका मार्फत सबैमा सूचना जानकारी गराउदछु।

जग्गा बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना २०८३/०७/१३

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता कायम रहेको **ओनिक होल्डिङ्गस लिमिटेड (प.लि. दर्ता नं. १५३६४४/०७३/०७४)** को नाममा चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०२ (सावित चैनपुर गा.वि.स. वडा नं. ०८) मा रहेको कित्ता नं. ६१५ क्षेत्रफल ६६०.३३ वर्ग मिटर र किता नं. ७८५ क्षेत्रफल ३५१४.३३ वर्ग मिटर जग्गा विक्रीमा रहेकोले जग्गा खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित मोवाइल नम्बर र इमेल ठेगानामा सम्पर्क गर्नुहोला।

ओनिक होल्डिङ्गस लिमिटेड (सावित: ओभरसिज नेपालिज इन्भेष्टमेन्ट कम्पनी (लि.)
काठमाडौं - २९, अनामनगर
फोन नं. ९८४५७४६३७४
इमेल: - oninvestmentltd@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

सडक सुरक्षा बढाऊ

सडक दुर्घटना नेपालको गम्भीर समस्या बन्दै गएको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार १० वर्षमा सवारी दुर्घटना करिब तेब्बर र घाइते झन्डै चार गुणा बढेका छन् । आर्थिक वर्ष २०८२/८३ मा मात्रै २ हजार ७०७ जनाले ज्यान गुमाए भने ४७ हजार ५५३ जना घाइते भए । तर दुर्घटनाको कारण खोज्ने र समाधान गर्ने प्रयास भने अझै पर्याप्त छैन । दुर्घटना हुनासाथ चालकको लापरबाहीलाई दोष दिएर अनुसन्धान टुंग्याउने प्रवृत्ति छ । चालकको गल्ती दुर्घटनाको कारण हुन सक्छ । तर सडकको बनावट, सवारीको अवस्था, क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति र कमजोर नियमनलाई बेवास्ता गरेर सडक सुरक्षा सुनिश्चित हुँदैन ।

नेपालका सडक निर्माणमा वैज्ञानिक अध्ययन र सुरक्षा डिजाइनलाई प्राथमिकता दिन आवश्यक छ । जोखिमयुक्त सडकखण्ड पहिचान गरेर दुर्घटना हुनुअघि नै सुधार गर्नुपर्छ । नारायणगढ-मुग्लिन सडकको स्तरवृद्धिपछि वार्षिक औसत दुर्घटना करिब ९०० बाट घटेर १३८ मा झर्नुले सुरक्षित पूर्वाधारको महत्त्व देखाउँछ । सडक निर्माणको सफलता लम्बाइले मात्र होइन, त्यसले घटाएको दुर्घटना र मृत्युबाट पनि मापन गर्नुपर्छ । सडक सुरक्षा एउटै निकायको जिम्मेवारी होइन । सडक विभाग, यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीबीच प्रभावकारी समन्वय आवश्यक छ । सवारीको नियमित फिटनेस परीक्षण, यात्रु क्षमताको कडाइका साथ पालना र तीव्र गति नियन्त्रणमा आधुनिक प्रविधिको प्रयोग बढाउनुपर्छ । दुर्घटनाको स्वतन्त्र प्राविधिक अनुसन्धान गर्ने व्यवस्था पनि आवश्यक छ । अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा सडक, सवारी र नियमनमा सुधार गर्न सकिन्छ ।

दुर्घटनापछि घाइतेको उद्धार र उपचारमा हुने ढिलाइ पनि उत्तिकै गम्भीर विषय हो । राजमार्गमा ट्रमा केन्द्र, तालिमप्राप्त उद्धारकर्ता, प्राथमिक उपचार र एम्बुलेन्स सेवाको समन्वय प्रभावकारी बनाउनुपर्छ । समयमै उपचार पाउने व्यवस्था भए धेरैको ज्यान जोगाउन सकिन्छ । चालकको कार्यअवस्था र सुरक्षालाई पनि बेवास्ता गर्न मिल्दैन । उचित पारिश्रमिक, रोजगार सम्झौता, सामाजिक सुरक्षा र तनावमुक्त कार्य वातावरणले सुरक्षित सवारी सञ्चालनमा सहयोग पुऱ्याउँछन् । कारबाही आवश्यक छ तर त्यो पारदर्शी, प्रमाणमा आधारित र न्यायपूर्ण हुनुपर्छ ।

विश्व बैंकका अनुसार सडक दुर्घटनाबाट नेपालको कुल गार्हस्थ उत्पादनको १.५ प्रतिशतबराबर आर्थिक क्षति हुन्छ । यसको भार दुर्घटनामा परेका व्यक्ति र परिवारले पनि बोकिरहेका छन् । त्यसैले सडक सुरक्षा खर्च होइन, नागरिकको जीवन जोगाउने र आर्थिक क्षति घटाउने लगानी हो । अब दुर्घटनापछि चालकलाई दोष दिएर मात्र राज्यको जिम्मेवारी पूरा हुँदैन । सुरक्षित सडक निर्माण, प्रभावकारी नियमन, वैज्ञानिक अनुसन्धान र शीघ्र उद्धारलाई प्राथमिकता दिनुपर्छ । सडक दुर्घटना न्यूनीकरणको जिम्मेवारी स्पष्ट गरी सम्बन्धित निकायलाई जवाफदेही बनाउनुपर्छ । नागरिकको ज्यान जोगाउने दायित्व चालकको मात्र होइन, सुरक्षित सडक र यातायात प्रणाली सुनिश्चित गर्ने राज्यको पनि हो ।

रास्वपाको प्रतिबद्धता परीक्षा

स्थानीय सरकारलाई दलगत राजनीतिबाट मुक्त गर्ने वाचा गरेको रास्वपा आगामी स्थानीय तह निर्वाचनमा आफ्नै उम्मेदवार उठाउने तयारीमा छ । यो उक्त पार्टीको वैचारिक प्रतिबद्धताको परीक्षा पनि हो । नीति बदल्न दल स्वतन्त्र छन्, तर त्यसको औचित्य पुष्टि गर्ने जिम्मेवारीबाट उम्कन मिल्दैन । नागरिकले नयाँ नाम होइन, नयाँ राजनीतिक व्यवहार खोजेका छन् ।

अग्रलेख



● आरपी गैरे

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि र सरसफाइसँग जोडिएका समस्याको समाधान खोज्न नागरिक यही सरकारसम्म पुग्छन् । तर, स्थानीय सरकार राजनीतिक दलको शक्ति प्रदर्शन, कार्यकर्ता व्यवस्थापन र चुनावी प्रतिस्पर्धाको अखडा बन्दा विकासभन्दा दलीय स्वार्थले प्राथमिकता पाउने गरेको आरोप लाग्दै आएको छ । यही कमजोरीलाई आधार बनाएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले स्थानीय सरकारलाई गैरदलीय बनाउने अवधारणा अघि सारेको थियो । अहिले आफ्नै उम्मेदवार उठाउने तयारीमा जुटेपछि प्रश्न उठेको छ-गैरदलीय स्थानीय सरकारको अवधारणा वास्तविक प्रतिबद्धता थियो कि जनमत आकर्षित गर्ने चुनावी नारा मात्र ?

राजनीतिमा विचार र व्यवहारबीचको दूरी नयाँ होइन । चुनावअघि गरिएका प्रतिबद्धता सत्ताको नजिक पुग्दै जाँदा कमजोर भएका उदाहरण नेपाली राजनीतिमा प्रशस्तै छन् । सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका वाचा गरेका पुराना दलले ती प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन गर्न नसक्दा नागरिकमा निराशा बढेको हो । यही पृष्ठभूमिमा रास्वपाले आफूलाई परम्परागत राजनीतिक अभ्यासको विकल्पका रूपमा प्रस्तुत गऱ्यो । पुरानै शक्ति संरचना र कार्यकर्ताकेन्द्रित राजनीतिभन्दा फरक शासन प्रणालीको अपेक्षा राखेका नागरिकले नयाँ राजनीतिक संस्कारको आशा गर्नु अस्वाभाविक थिएन । तर, परिवर्तनको दावी गर्ने दलले पनि पुरानै अभ्यास पछ्याउन थालेको हो भने प्रश्न उठ्नु स्वाभाविक छ ।



प्रतिबद्धता र चुनावी रणनीति

२०७९ सालमा स्थापना भएको रास्वपाले प्रतिनिधिसभा निर्वाचनमा २१ सिट प्राप्त गर्दै राष्ट्रिय राजनीतिमा आफ्नो उपस्थिति बलियो बनाएको थियो । त्यसपछि प्रतिनिधिसभामा १८२ सिटसहित सबैभन्दा ठुलो दल बनेको अवस्थामा स्थानीय तहसम्म प्रभाव विस्तार गर्ने उसको चाहना अस्वाभाविक होइन । जनमतलाई स्थानीय तहसम्म विस्तार गर्नु राजनीतिक दलको स्वाभाविक रणनीति हो । तर, प्रश्न चुनाव लड्ने वा नलड्ने मात्र होइन, आफूले अघि सारेको राजनीतिक सिद्धान्तलाई चुनावी लाभसँग कसरी सन्तुलन गर्छ भन्ने हो ।

स्थानीय सरकारलाई दलीय राजनीतिबाट मुक्त गर्नुपर्छ भन्ने निष्कर्षमा रास्वपा पुगेको हो भने त्यसको संस्थागत आधार तयार गर्नुपर्ने थियो । गैरदलीय स्थानीय सरकारको अवधारणा अघि सार्नु र पार्टीकै नाममा उम्मेदवार खडा गर्नु फरक अभ्यास हुन् । पहिलोले स्थानीय नेतृत्वलाई दलीय नियन्त्रणबाट अलग राख्ने उद्देश्य बोकेको हुन्छ भने दोस्रोले स्थानीय तहमा पार्टीको संगठन र राजनीतिक प्रभाव विस्तार गर्ने बाटो खोल्छ । त्यसैले पुरानो प्रतिबद्धता कायम राखेको हो भने उम्मेदवार छनोटको तयारी किन भइरहेको छ भन्ने प्रश्नको जवाफ रास्वपाले दिनुपर्छ ।

यद्यपि, स्थानीय तहमा दलगत प्रतिस्पर्धा हुनु नै भ्रष्टाचार र कुशासनको एकमात्र कारण होइन । कमजोर संस्थागत संरचना, अपारदर्शी निर्णय प्रक्रिया, स्वार्थको द्वन्द्व, कमजोर अनुगमन, राजनीतिक संरक्षण र जवाफदेहिताको अभावले पनि भ्रष्टाचारलाई मलजल गर्छन् । गैरदलीय उम्मेदवार निर्वाचित हुँदैमा स्थानीय सरकार स्वत: स्वच्छ र प्रभावकारी हुन्छ भन्ने सुनिश्चितता छैन । त्यसैगरी, राजनीतिक दलको समर्थनमा निर्वाचित सबै प्रतिनिधि भ्रष्ट वा अक्षम हुन्छन् भन्ने निष्कर्ष पनि उचित हुँदैन ।

मूल प्रश्न उम्मेदवार कुन दलबाट आयो भन्ने मात्र होइन, उसले कसरी काम गर्छ, निर्णय प्रक्रियामा कति पारदर्शिता अपनाउँछ र नागरिकप्रति कति जवाफदेही हुन्छ भन्ने हो । तर, रास्वपाले दलगत प्रतिस्पर्धालाई नै स्थानीय तहको भ्रष्टाचार र कुशासनको कारण मानेको हो भने आफ्नै दलका उम्मेदवार अघि सार्नुले उसको तर्कलाई कमजोर बनाउँछ । समस्या दलहरूको कार्यशैलीमा हो भने गैरदलीय सरकारको अवधारणाभन्दा सुशासन, पारदर्शिता र जवाफदेहिताका ठोस मापदण्ड अघि सार्नु उपयुक्त हुन्छ ।

नीति बदल्ने आधार के ?

स्थानीय तहका पदाधिकारीको पाँचवर्षे कार्यकाल समाप्त हुने समय नजिकिँदै गर्दा देशभरका ७५३ स्थानीय तहमा निर्वाचनको तयारी महत्त्वपूर्ण बन्दै गएको छ । यस्तो अवस्थामा रास्वपाले उम्मेदवार छनोट प्रक्रिया अघि बढाउनु चुनावी दृष्टिले रणनीतिक कदम हुन सक्छ । तर, राजनीतिक दलको रणनीतिक आवश्यकता र सार्वजनिक प्रतिबद्धताको नैतिक दायित्व एउटै कुरा होइनन् । चुनाव जित्ने सम्भावना बढ्दैमा पहिले गरेको प्रतिबद्धता बदल्न मिल्छ भन्ने मान्यता स्थापित भयो भने नयाँ राजनीतिक शक्तिबाट अपेक्षा गरिएको परिवर्तन र पुराना दलको अभ्यासबीचको भिन्नता मेटिन सक्छ । रास्वपाले आफूलाई अर्को राजनीतिक दलका रूपमा मात्र प्रस्तुत गरेको थिएन । पुराना दलको कार्यशैलीप्रति असन्तुष्ट नागरिकलाई नयाँ विकल्प दिने, शासन प्रणाली सुधार्ने र राजनीतिक संस्कार बदल्ने दावी उसको पहिचानसँग जोडिएको थियो । त्यसैले उसका निर्णयलाई विगतका प्रतिबद्धताको कसीमा पनि जाँचिन्छ ।

पुराना दलहरूले प्रतिबद्धता पूरा नगर्दा प्रश्न उठाउने पार्टीले आफ्नै प्रतिबद्धतामा परिवर्तन गर्दा त्यसको कारण सार्वजनिक गर्नुपर्छ । अन्यथा, परिवर्तनको नारा सत्ता र संगठन विस्तारका लागि प्रयोग गरिएको आरोप लाग्न सक्छ ।

रास्वपाले २०७९ सालमा प्रदेशसभा निर्वाचनमा भाग लिएको थिएन । प्रदेश संरचनाप्रति असहमति जनाउँदै आएको पार्टीका लागि आगामी प्रदेशसभा निर्वाचनमा सहभागिताको प्रश्न पनि अर्थपूर्ण छ । प्रदेश संरचनाको औचित्यमाथि प्रश्न उठाउने दलले प्रदेशसभामा सहभागी हुने निर्णय गरेमा त्यो नीतिगत पुनर्विचार हुन सक्छ । राजनीतिक दलहरूले समय र परिस्थितिअनुसार नीति परिमार्जन गर्न सक्छन् । तर, नीतिगत परिवर्तन र अवसरवादी राजनीतिबीचको भिन्नता उद्देश्य, तर्क र पारदर्शिताले छुट्याउँछ ।

कुनै संरचना गलत छ भन्ने निष्कर्षमा पुगेको दल त्यही संरचनाभित्र प्रवेश गर्न खोज्छ भने त्यसको कारण स्पष्ट हुनुपर्छ । सहभागिता परिवर्तनको माध्यम हो कि अस्वीकार गरिएको संरचनाबाट राजनीतिक लाभ लिने रणनीति हो भन्ने प्रश्नको जवाफ उसले दिनुपर्ने हुन्छ ।

उम्मेदवार छनोटमै परीक्षा

लोकतन्त्रमा चुनावमा सहभागी हुनु आफैंमा गलत होइन । स्थानीय तहमा राजनीतिक दलहरूको संगठन र विचारको भूमिका रहन्छ । दलहरूले उम्मेदवार उठाउनु जनप्रतिनिधि छनोट गर्ने लोकतान्त्रिक प्रक्रियाको स्थापित अभ्यास हो । तर, कुनै दलले त्यही अभ्यासको आलोचना गर्दै परिवर्तन गर्ने वाचा गरेको छ भने उसले आफ्नो भूमिकाबारे स्पष्ट हुनुपर्छ ।

रास्वपाले स्थानीय तहमा आफ्ना उम्मेदवार उठाउने निर्णय गर्छ भने गैरदलीय स्थानीय सरकारको अवधारणा किन अघि सारेको थियो र अहिले त्यसमा के परिवर्तन आएको हो भन्ने कुरा नागरिकलाई बुझाउनुपर्छ । पुरानो धारणा गलत ठहरिएको हो भने त्यसलाई स्वीकार गर्नुपर्छ । गैरदलीय स्थानीय सरकारको अवधारणा अझै सही ठान्छ भने उम्मेदवार छनोटको प्रक्रियालाई त्यसअनुकूल बनाउने विकल्पबारे बहस गर्नुपर्छ ।

उम्मेदवार छनोटलाई चुनावी तयारीमा मात्र सीमित नराखी राजनीतिक जवाफदेहिताको अवसरका रूपमा लिन सकिन्छ । आर्थिक पारदर्शिता, सार्वजनिक जीवनको स्वच्छता, स्थानीय समस्याबारेको ज्ञान, कार्यक्षमता र नागरिकप्रतिको प्रतिबद्धतालाई छनोटका प्रमुख आधार बनाउनुपर्छ । पार्टीभित्रको पहुँच, आर्थिक प्रभाव वा व्यक्तिगत निकटतालाई मात्र प्राथमिकता दिइयो भने रास्वपाले आलोचना गर्दै आएको पुरानै राजनीतिक संस्कार दोहोरिने जोखिम रहन्छ । उम्मेदवार छनोटका मापदण्ड सार्वजनिक गर्ने, प्रक्रिया पारदर्शी बनाउने र उम्मेदवारको पृष्ठभूमि नागरिकसमक्ष प्रस्तुत गर्ने कामले पार्टीको प्रतिबद्धता परीक्षण गर्न सहज बनाउँछ । निर्वाचित भएपछि नियमित सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणको व्यवस्था गर्न सके जनप्रतिनिधिलाई नागरिकप्रति थप उत्तरदायी बनाउन सकिन्छ । यसरी रास्वपाले आफ्नो दाबीलाई व्यवहारमा प्रमाणित गर्ने अवसर पाउन सक्छ ।

नाराभन्दा परिणाम महत्वपूर्ण

स्थानीय सरकारको प्रभावकारिता चुनाव चिह्नले मात्र निर्धारण गर्दैन । जनप्रतिनिधि नागरिकका आधारभूत समस्या समाधान गर्न सक्षम हुनुपर्छ । विकास बजेटको उचित प्रयोग, सार्वजनिक खरिदमा पारदर्शिता, करको न्यायोचित व्यवस्थापन, शिक्षा र स्वास्थ्य सेवाको सुधार, कृषि तथा स्थानीय उत्पादनको प्रवर्धन र सार्वजनिक सेवामा सहज पहुँच स्थानीय सरकारका वास्तविक परीक्षा हुन् । जनप्रतिनिधि जुनसुकै दलबाट निर्वाचित भए पनि यी जिम्मेवारी पूरा गर्न सकेन भने त्यसको मूल्य नागरिकले चुकाउनुपर्छ ।

त्यसैले रास्वपाले स्थानीय तहमा दलीय उम्मेदवारी दिने निर्णय गरे पनि आफ्नो राजनीतिक श्रेष्ठता दाबी गर्ने आधार नारामा होइन, परिणाममा खोज्नुपर्नेछ । नयाँ भएको दाबी गर्ने दललाई प्रश्न नगरी विश्वास गर्नुपर्ने आवश्यकता छैन । त्यसैगरी, पुरानो दल भन्दैमा त्यसका सबै उम्मेदवारलाई अस्वीकार गर्नुपर्ने पनि होइन । मतदाताले उम्मेदवारको विगत, क्षमता, सार्वजनिक प्रतिबद्धता र काम गर्ने सम्भावनाका आधारमा मूल्यांकन गर्नुपर्छ ।

रास्वपाले गैरदलीय स्थानीय सरकारको वाचा गरेको थियो भने मतदाताले त्यो प्रतिबद्धता किन र कसरी बदलियो भनेर सोध्न पाउनुपर्छ । लोकतन्त्रमा राजनीतिक दलको मूल्यांकन लोकप्रियताबाट मात्र हुँदैन, उसले आफ्नो भनाइ र गराइबीच कति सामञ्जस्य कायम गर्छ भन्ने आधारमा पनि हुन्छ ।

रास्वपाको स्थानीय तह निर्वाचन तयारीलाई केवल चुनावी रणनीतिका रूपमा हेरेर पुग्दैन । यसले नयाँ राजनीतिक शक्तिले सत्ता र संगठन विस्तारको आवश्यकतासँग आफ्ना वैचारिक प्रतिबद्धतालाई कसरी सन्तुलन गर्छ भन्ने प्रश्न उठाएको छ । गैरदलीय स्थानीय सरकारको अवधारणा व्यावहारिक रूपमा उपयुक्त छ वा छैन भन्ने बहस गर्न सकिन्छ । त्यसमा पुनर्विचार गर्न पनि सकिन्छ । तर, जनतासमक्ष एउटा अवधारणा प्रस्तुत गरेर राजनीतिक लाभ लिने र पछि त्यसैलाई बेवास्ता गर्ने प्रवृत्ति कुनै पनि दलका लागि उचित ठहरिन सक्दैन ।

रास्वपाले स्थानीय तहमा उम्मेदवार उठाउनु गलत हो भन्ने निष्कर्षमा पुग्नुभन्दा पहिले उसले आफ्नो पुरानो प्रतिबद्धताबारे के धारणा राख्छ भन्ने जान्नु आवश्यक छ । तर, त्यो प्रतिबद्धता किन अघि सारिएको थियो र अहिले त्यसको कार्यान्वयनमा किन फरक बाटो रोजिँदै छ भन्ने प्रश्नबाट उम्कन मिल्दैन । परिवर्तनको राजनीति गर्ने दलले आफ्नो नीति बदल्न सक्छ, तर त्यसको औचित्य पुष्टि गर्ने जिम्मेवारी पनि उसकै हुन्छ ।

रास्वपाका लागि आगामी स्थानीय तह निर्वाचन ७५३ स्थानीय तहमा राजनीतिक उपस्थिति विस्तार गर्ने अवसर मात्र होइन, आफूले गरेको प्रतिबद्धताप्रति कति इमानदार छ भन्ने प्रमाणित गर्ने परीक्षा पनि हो । गैरदलीय स्थानीय सरकारको वाचालाई निरन्तरता दिने, त्यसमा पुनर्विचार गर्ने वा चुनावी आवश्यकताअनुसार ओझेलमा पार्ने, यसको जवाफ पार्टीकै निर्णय र व्यवहारले दिनेछ । नागरिकले अब नाराको आकर्षणभन्दा प्रतिबद्धता र कार्यान्वयनबीचको सम्बन्ध खोजिरहेका छन् । नाम, नेतृत्व र चुनावी परिणाम बदलिँदैमा राजनीति बदलिँदैन, त्यसका लागि सोच, संस्कार र व्यवहार बदलिनुपर्छ ।

साउदीमा श्रमिकमैत्री राजदूत आवश्यक

प्रवास



● विष्णु घिमिरे

साउदी अरबमा करिब चार लाख नेपाली श्रमिक कार्यरत छन् । तर, राजदूत नियुक्तिमा ढिलाइ र प्रस्तावित राजदूत गिरीबहादुर सुनारको नाम संसदीय सुनुवाइबाट अस्वीकृत भएपछि सक्षम नेतृत्वको आवश्यकता झन् बढेको छ । अबको राजदूतले आश्वासन होइन, श्रमिकका समस्या समाधानमा परिणाम देखाउनुपर्छ ।

साउदी अरबका लागि नेपाली राजदूत नियुक्तिको विषय फेरि चर्चामा आएको छ । नेपाली श्रमिकको हकहित, सुरक्षा र न्यायसँग प्रत्यक्ष जोडिएको यस देशमा लामो समयदेखि राजदूत नियुक्त हुन नसक्दा दूतावासको नेतृत्व र सेवाप्रवाहबारे प्रश्न उठेको छ । अहिले कार्यवाहक राजदूतमार्फत दूतावास सञ्चालन भइरहेको अवस्थामा सरकारले नियुक्ति प्रक्रिया शीघ्र टुंग्याउनुपर्छ ।

असोज २८ को संसदीय सुनुवाइबाट साउदी अरबका लागि प्रस्तावित राजदूत गिरीबहादुर सुनारको नाम अनुमोदन नभई अस्वीकृत भएको छ । यसपछि सरकारले नयाँ उम्मेदवार छनोट गर्दा कूटनीतिक क्षमता, व्यावसायिक योग्यता, अनुभव र नेपाली श्रमिकका समस्या बुझ्ने क्षमतालाई प्राथमिकता दिन आवश्यक छ । राजदूत नियुक्ति केवल पदपूर्ति होइन, विदेशमा रहेका नेपालीको अधिकार र सुरक्षासँग जोडिएको जिम्मेवारी हो ।

साउदी अरबमा करिब चार लाख नेपाली श्रमिक कार्यरत रहेको अनुमान छ । उनीहरूले सम्झौताअनुसार तलब तथा सुविधा नपाउने, रोजगारदाताबाट शोषणमा पर्ने, वैदेशिक रोजगारका क्रममा ठगीमा पर्ने, कानुनी जटिलतामा फस्ने र स्वदेश फर्किन नसक्ने समस्या भोगिरहेका छन् । दुर्घटना, मृत्यु, जेल र उद्धारसँग सम्बन्धित घटनाले श्रमिकका परिवारलाई समेत प्रभावित पारिरहेका छन् ।

समस्या सुन्ने होइन, समाधान गर्ने नेतृत्व

श्रमिकका सबै समस्या राजदूत वा दूतावासले तत्काल समाधान गर्न सक्दैनन् । स्थानीय कानुन, प्रशासनिक प्रक्रिया, रोजगारदाताको व्यवहार तथा दूतावासमा उपलब्ध जनशक्ति र बजेटले पनि समाधानको गतिलाई प्रभावित गर्छन् । कतिपय अवस्थामा रोजगारदातालाई पत्राचार गर्दा पनि समस्या समाधान हुँदैन र कानुनी उपचार खोज्नुपर्ने हुन्छ ।

त्यसैले नयाँ राजदूतले गुनासो सुन्ने र पत्राचार गर्ने प्रक्रियामा मात्र सीमित नभई कानुनी सहायता, प्रशासनिक सहजीकरण र प्रभावकारी अनुगमनको व्यवस्था सुदृढ गर्नुपर्छ । दुर्घटना, मृत्यु, उद्धार तथा कानुनी संकटमा परेका नेपालीका समस्या सम्बोधन गर्न स्पष्ट कार्यविधि र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक छ ।



प्रविधिमैत्री र पारदर्शी सेवा

श्रमिकले गुनासो दर्ता गरेपछि त्यसको अवस्था र समाधानको प्रगतिबारे जानकारी पाउनुपर्छ । उजुरी दर्ता, वर्गीकरण र अनुगमनका लागि डिजिटल प्रणाली विकास गर्न सकिन्छ । प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको उपयोगले सूचना प्रवाह र प्रशासनिक कामलाई सहज बनाउन सक्छ । तर, व्यक्तिगत विवरणको सुरक्षा र सेवाप्रदायकको जवाफदेहिता पनि सुनिश्चित हुनुपर्छ ।

श्रमिकका समस्या समाधान गर्न दूतावासको सक्रियतासँगै नेपालभित्रको सुधार पनि उत्तिकै आवश्यक छ । वैदेशिक रोजगार प्रक्रियामा हुने ठगी, भ्रामक सूचना र करारसम्बन्धी अनियमितता नियन्त्रण गर्नुपर्छ । नयाँ राजदूतले साउदीको श्रम बजार र कानुनी व्यवस्थाबारे तथ्यमा आधारित सुझाव सरकारलाई दिनुका साथै श्रमिकको पूर्वप्रस्थान अभिमुखीकरण र रोजगारदाता छनोट प्रक्रियामा सुधारका लागि पहल गर्नुपर्छ ।

समुदायसँग निष्पक्ष सहकार्य

साउदी अरबमा सक्रिय नेपाली सामाजिक, परोपकारी, सांस्कृतिक तथा व्यावसायिक संस्थाले श्रमिकका समस्या पहिचान र आपत्कालीन सहयोगमा भूमिका खेलिरहेका छन् । राजदूतले उनीहरूसँग नियमित संवाद र सहकार्य गर्नुपर्छ । श्रमिक, समाजसेवी, पत्रकार र व्यवसायीका कुरा सुन्दा वास्तविक समस्या पहिचान गर्न सहज हुन्छ ।

तर, सहकार्य कुनै एक संस्था वा सीमित व्यक्तिमा केन्द्रित हुनु हुँदैन । राजनीतिक आस्था, व्यक्तिगत सम्बन्ध र संस्थागत आबद्धताभन्दा माथि उठेर सबै नेपालीलाई समान व्यवहार गर्नुपर्छ । पहुँचवालाको मात्र कुरा सुन्ने होइन, सामान्य श्रमिकको गुनासोलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।

सरकारले राजदूत नियुक्तिमा अनावश्यक ढिलाइ गर्नु हुँदैन । उम्मेदवारको योग्यता र कार्ययोजनाको पारदर्शी मूल्यांकन हुनुपर्छ । समुदायमा लोकप्रियता मात्र पर्याप्त हुँदैन, कूटनीतिक जिम्मेवारी निर्वाह गर्ने क्षमता अनिवार्य हुन्छ । नियुक्तिपछि सरकारले आवश्यक जनशक्ति, बजेट र संस्थागत सहयोगसमेत उपलब्ध गराउनुपर्छ ।

साउदी अरबमा नेपाली समुदायले खोजेको राजदूत भाषणमा प्रतिबद्धता व्यक्त गर्ने मात्र होइन, व्यवहारमा परिवर्तन देखाउने नेतृत्व हो । उनको सफलता औपचारिक कार्यक्रमबाट होइन, समस्यामा परेका नेपालीले पाएको सहयोग, श्रमिकको अधिकार संरक्षणमा भएको प्रगति र दूतावासप्रति बढेको विश्वासबाट मापन गरिनुपर्छ ।

(**लेखक घिमिरे साउदी अरबमा कार्यरत छन् ।**)

इतिहासको पाना

● सन्तोष खडेरी

दानी राणा जनरल सिंहशमशेर जबरा



यो तस्बिर कमान्डिङ जनरल सिंहशमशेर जबराको हो । उनी राणा प्रधानमन्त्री चन्द्रशमशेरका चौथो पुत्र हुन् । उनले राजा पृथ्वी वीरविक्रम शाहकी छोरी शाहज्यादी रमा राज्यलक्ष्मीसँग विवाह गरेका थिए । उनी राजा त्रिभुवनका सहोदर भिनाजु थिए । राजाका छोरीहरूमध्ये उनकी पत्नी सबैभन्दा सुन्दर मानिन्थिन् । थापाथलीमा अहिले राष्ट्र बैंक रहेको भवन उनको सिंहमहल थियो ।

उनी सात वर्ष बेलायत र तीन वर्ष भारत गरी जम्मा १० वर्ष राजदूत भए । १९९० सालको महाभूकम्पपछि अहिलेको न्युरोड निर्माण उनको नेतृत्वमा भएको थियो । उनी महाराज जुद्धशमशेरका हजुरिया जनरलसमेत थिए ।

२००७ सालको परिवर्तनपछि नेपाल फर्केर उनी वनमन्त्री भए । त्यतिबेला नेपाल महिला संगठनका लागि कार्यालय राख्ने घर खोजिरहेका मंगलादेवी सिंहलगायतलाई उनले न्युरोडस्थित रमागृह नै दान दिएका थिए ।

तत्कालीन युवराज महेन्द्रकी जेठी युवराज्ञी इन्द्रराज्यलक्ष्मीको प्रसवका क्रममा निधन भएपछि उनको नाममा प्रसूतिगृह खोल्न थापाथलीमा जग्गा दिएका थिए । अहिले त्यहाँ प्रसूतिगृह सञ्चालनमा छ । सिंहशमशेरले तारागाउँ विकास समितिलाई समेत जग्गा प्रदान गरेका थिए । उनको निजी पुस्तकालय 'सिंह संकलन' त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयलाई दान दिएका थिए । उनले विभिन्न अवसरमा अन्य थुप्रै सहयोगसमेत गरेका थिए । ह्वाइट हाउस पुगेर अमेरिकी राष्ट्रपतिसँग भेट्ने उनी पहिलो नेपाली सरकारी प्रतिनिधि थिए । ८४ वर्षको उमेरमा क्यान्सरका कारण उनको निधन भएको थियो ।

उनको यो पुरानो श्यामश्वेत तस्बिरलाई एआईको सहायताले स्पष्ट बनाइएको हो ।

डोम समुदायलाई बाँसका सामग्री बनाउन भ्याइनभ्याइ

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १२ कात्तिक



लोकआस्था सद्भाव र पवित्रताको पर्व छठ नजिकिएसँगै तराई-मधेशका अन्य जिल्लाजस्तै रौतहटका डोम समुदायको घरआँगनमा अचेल बेग्लै चहलपहल र जाँगर छाएको छ। छठ पर्वका लागि अत्यावश्यक मानिने बाँस तथा बेतका हस्तकला सामग्री तयार पार्न यहाँका डोम समुदायका परिवार बिहानैदेखि अबेर रातिसम्म खटिएका छन्।

छठ पर्वमा भगवान् सूर्यदेव र छठीमातालाई अर्घ्य अर्पण गर्दा प्रयोग गरिने डाला, नाइलो, सुपली (कोनिया), ढाकी र दुना-टपरीजस्ता परम्परागत सामग्रीको माग अत्यधिक बढेपछि स्थानीय डोम समुदायलाई सामग्री बुन्न भ्याइनभ्याइ भएको हो।

तराई संस्कृतिमा छठ पूजाका सामग्री राख्न प्रसाद सजाउन र अस्ताउँदो तथा उदाउँदो सूर्यलाई अर्घ्य दिन बाँसका चोयाबाट बनेका नयाँ चोखा सामग्री नै प्रयोग गर्ने सनातन परम्परा छ। प्लास्टिक वा अन्य आधुनिक धातुका भाँडाकुँडाको प्रयोग बढ्दै गए तापनि छठ पर्वमा भने बाँसकै सामग्री अनिवार्य मानिने भएकाले यसको धार्मिक र सांस्कृतिक महत्व अझै अक्षुण्ण रहेको छ।

यही लोकपरम्पराले सीमान्तकृत डोम समुदायको पुस्तौंदेखि चल्दै आएको पुख्यौंली पेसालाई प्रत्येक वर्ष छठको समयमा जीवन्त बनाउने गरेको छ।

पर्वको समयमा हुन सक्ने चाप र मागलाई ध्यानमा राख्दै रौतहटका डोम समुदायले असोज महिनाको सुरुवातमै बाँस खरिद गरी सामग्री बनाउन थालेका थिए। कात्तिक लागेसँगै बजार तथा गाउँघरबाट माग ह्वात्तै बढेकाले अहिले उत्पादनलाई तीव्रता दिइएको छ। जिल्लाको सदरमुकाम गौर नगरपालिका-३ का ५० वर्षीय विनोद मलिकका अनुसार अन्य समयमा बाँसका सामग्रीको बिक्री फाट्टफुट्ट मात्र हुने भए पनि छठको मौसममा भने सोचेभन्दा राम्रो व्यापार हुने गर्छ। 'छठ पर्व हाम्रा लागि दुःख-कष्ट बिर्सेर मिठो-मसिनो खाने नयाँ लुगा लगाउने र परिवारसँग खुसी साटासाट गर्ने अवसर हो,' मलिकले भने, 'दिनभरि मिहिनेत गरेर बनाएका सामग्री बिक्री भएपछि आउने रकमले परिवारको वर्षभरिको खर्च व्यवस्थापन गर्न ठुलो आड पुग्छ।' स्थानीय सागर मलिकले छठका लागि मात्र नभई विवाह, व्रतबन्ध तथा अन्य धार्मिक सामाजिक कार्यका लागि पनि सामग्री तयार पारिने जानकारी दिए। तयार भएका सामान गाउँगाउँमा पुऱ्याएर तथा घरैबाट ग्राहकलाई बिक्री गर्ने गरिएको उनले बताए। अहिले रौतहटका गौर, गरुडा, चन्द्रपुर, राजपुर, पथरालगायतका विभिन्न पालिकामा बसोबास गर्ने डोम समुदायका घरआँगन बाँसका चोया, पाता र भर्खरै बुनिएका डालो-नाइलोले भरिएका देखिन्छन्।

छठको चटारो

कामको चटारो बढेपछि परिवारका बालबालिका युवादेखि ज्येष्ठ सदस्यसम्म आ-आफ्नो क्षमताअनुसार काममा बाँडिएका छन्। कसैले बाँस चिर्ने र तास्ने काम गर्छन् भने कसैले चोया निकाल्ने र सामग्री बुन्ने गर्छन्। गौर-३ की ४० वर्षीया मन्जु देवी मलिक भन्छिन्, कात्तिक लागेपछि हाम्रा लागि खाने-सुत्ने समयबाहेक बाँकी समय चोयासँगै बित्छ। बिहानदेखि बेलुकासम्म डालो, नाइलो र सुपली बुन्नमै व्यस्त हुन्छौं। यो सिजनको आम्दानीले नै हाम्रा बालबालिकाको पढाइ र घरायसी गर्जो टर्ने गरेको छ। छठ पर्वले डोम समुदायलाई आर्थिक रूपमा केही राहत दिलाए पनि वर्षभरि भने उनीहरूले अनेकन आर्थिक र सामाजिक चुनौती झेल्नुपर्छ। बाँसको मूल्य निरन्तर बढ्दै जानु र सहज रूपमा कच्चा पदार्थ नपाउनु प्रमुख समस्या बनेको छ, बिचौलिया र बजारको उतारचढावका कारण डोम समुदायले आफ्नो कडा मेहनत र सीप अनुसारको उचित ज्याला पाउन सकेका छैनन्, छठबाहेक अन्य समयमा बाँसका सामग्रीको माग न्यून हुने भएकाले बाँकी समय जीवनयापन गर्न कठिनाइ हुने गरेको छ।

डा. केसीले सुरु गरे २५औं सत्याग्रह



काठमाडौं/मस–चिकित्सा शिक्षा सुधारका अभियन्ता प्रा.डा. गोविन्द केसीले पुनः सत्याग्रह सुरु गरेका छन्। उनले बिहीबार इलाममा पत्रकार सम्मेलन गर्दै २५औं सत्याग्रह सुरु गरेका हुन्।

सरकारसँग विगतमा भएका सहमति कार्यान्वयन नभएको भन्दै केसीले सत्याग्रह सुरु गरेका हुन्। यसअघि उनले धनगढीमा २४औं सत्याग्रह गरेका थिए।

केसीले चिकित्सा शिक्षा क्षेत्रमा सुधार, सुशासन र सामाजिक न्याय सुनिश्चित गर्न विभिन्न पाँच माग अघि सारेका छन्।

उनका प्रमुख मागमा न्यूनतम पूर्वाधार र जनशक्तिविना गेटामा एमबिबिएस तथा नर्सिङ कार्यक्रम सञ्चालन गर्न दिने र मापदण्डविपरीत कलेजमा सिट वृद्धि गर्ने निर्णय खारेज गर्नुपर्ने रहेका छन्। त्यस्तै, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष तथा विश्वविद्यालयका पदाधिकारीको नियुक्ति र निर्णयबारे निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने माग उनले गरेका छन्। सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पताल पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने, आवश्यक मापदण्ड पूरा भएपछि मात्र शैक्षिक कार्यक्रम सुरु गर्नुपर्ने र विश्वविद्यालयसम्बन्धी विवादित प्रावधान परिमार्जन गर्नुपर्ने उनको माग छ।

त्यसैगरी, सार्वजनिक तथा सरकारी स्रोत प्रयोग हुने संस्थामा ७५ प्रतिशत छात्रवृत्ति अनिवार्य लागू गर्नुपर्ने र निजी कलेजको स्वार्थमा छात्रवृत्ति कटौती तथा मापदण्डविपरीत सिट वृद्धि गर्ने प्रयास रोक्नुपर्ने उनले बताएका छन्। केसीले सरकारसँग स्वास्थ्य तथा शिक्षा क्षेत्रको सुधार, सुशासन र सामाजिक न्यायलगायत विषयमा भएका सहमति कार्यान्वयन गर्न पनि माग गरेका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०८१/०९/१९ मा दर्ता भएको श्री **पिनाक इन्टरनेशनल प्रा. लि. (प्रा.लि. नं. ३५८५४४)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०१/१२ मा दर्ता भएको **प्रा.लि.नं. १८८३४५** को **हर्लामाडी यातायात प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

भूल सुधार

मिति २०८३/०६/३१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको नाम : **GUARDCORE SECURITY SERVICES SDN. BHD, पूर्व स्वीकृत मितिः २०८३/०६/३०, चलानी नं.: ६०२६२६३६ र L.T. No.: 349446** को विज्ञापनको शिर्षक **मलेसियामा रोजगार** र **शहर Malaysia** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 | 4985786 | Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
like us on facebook.com/naukri.nepal

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८३/०२/०६ मा दर्ता भएको **प्रा.लि.नं. ३४३७१७** को **शिव एण्ड शक्ति आयल स्टोर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
Head Office: Baluwatar, Kathmandu, Nepal
Tel: 01-4521861/62/63, URL: www.shangrilabank.com
२२ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना

Er. ASHOK JOSHI **GHODAGHODI ENGINEERING CONSULTANCY PVT.LTD.** GHODAGHODI NA. PA.: 1 Mob.: 9843618181	ER. DEEPAK KHANAL **ALTERNATIVE CONSULTING INN PVT.LTD** BHARATPUR-11, CHITWAN MOB.: 9855081005	ER. DURGA KC **UNIQUE ENGINEERING CONSULTANCY** NEPALGUNJ-2, BANKE MOB.: 9849032045
Er. SHYAM SUNDAR RAJBHANDARI **ALL ROUND ENGINEERING CONSULT PVT.LTD** BATTAR-2, NUWAKOT Mob.: 9841548651	ER. HIKMAT BUDHA **LAXMI GANGA ENGINEERING CONSULTANCY & PARAMARSHA FIRM** THAKURBABA NA.PA.: 1 BARDIYA MOB.: 9863859934	ER. RAJU THAPA **ARYAN ENGINEERING CONSULT PVT.LTD.** GORKHA NA. PA.:6 MOB.: 9856040015
ER. DEEPAK SHRESTHA **GANAK CONSULTANCY PVT. LTD** NEW BANESHWOR KATHMANDU-31 MOB.: 9851055275	ER. PALU RAWAT **UPLAND ENGINEERING CONSULTANCY** SIMKOT-6 MOB.: 9848318261	Er. SUJAN SHRESTHA **GORKHA KALIKA ENGINEERING CONSULTANCY PVT.LTD** GORKHA-6, HARAMTARI Mob.: 9851034745
ER. BHUWAN SHARMA **VISTRA ENGINEERS** NEPALGUNJ-10, BANKE MOB.: 9858049775 9804533613	ER. KESHAV RAJ PANDEY MANAGING DIRECTOR **LONG VISION ENGINEERING AND MANAGEMENT CONSULT PVT.LTD** MANTHALI MOB.: 9851129012, 9841434815	ER. ROSHAN BASNET **PINACLE ENGINEERING SOLUTION & CONSULTANCY PVT.LTD.** GHORAHI-15, DANG MOB.: 9847885271
New Dynamic Engineering Consultancy Er. Prakash Basnet Kohalpur, Banke Mob.: 9868160887	**AB'S ENGINEERING CONSULTANCY PVT.LTD.** Mahendrapool, Pokhara-9 Ph.: 061-537300/536377 P.O. Box No.: 240 Email: abs_admin@wlink.com.np Web: www.absconsult.com.np	Er. AMOD MANDAL **GANGAI ENGINEERING CONSULTANCY** BIRATNAGAR, NEPAL Mob.: 9804048333 9852026004
	ER. DIPENDRA CHAUDHARY **BUDDHA ENGINEERING SERVICES** RAMGRAM-3, NAWALPARASI Mob.: 9857016878	

मलेसियामा रोजगार कम्पनी: **HE TIAN METAL INDUSTRIES SDN BHD** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मिति: २०८२/१२/०२ चलानी नं.: ६०२५३४८८ LT. No.: 340024 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker-manufacturing	36	0	स. कामना दक्ष	1700	६३४१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २० गते (6 November 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तान्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्ी जीवन बिमा कस्ले व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. २४६५ कामदारसरे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसरे	रु. १,५०० कामदारसरे	नि:शुल्क

नेपालिक रोजगार विमाबाट मरणदुखी जानकारी :– १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिात अपरुवि भात कम्पनीमा गई रकम बुझाउनु होला। २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निवेदकको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला। ३. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निवेदकको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला। आफ्नु कर्तिवर्षमा पट्टा सम्पर्क गर्न सजिलो हुन्छ। ३. अब विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माँग्नुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकार राखीसके पछि मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामना विदेश जाही नेपालकै विमालयमा प्रवेश गर्नु होला, अन्यथा ठगिने सम्भावना छ। ७. अब विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाँपालना सम्पर्क गर्नु होला।

TILICHO OVERSEASE PVT.LTD. Gov. Lic No. 1234/074/075
Gaushala bijaya chowk -9, Kathmandu, Tel : 01-5927398, 9802800273
Email : tilichooverseas@gmail.com

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: मंगलबजार, ललितपुर
फोन: ०१-५४५३९१५/१६/२७

को

शाखा कार्यालय मंगलबजार, ललितपुरको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सुन तथा सुनका गरगहनाहरुको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०७/१३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय मंगलबजार, ललितपुरबाट लिनु भएको सुन कर्जा (Gold Loan) शीर्षकको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकमसमेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीलाई अनेकौं पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८३/०५/३४ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित सुन तथा सुनका गरगहनाहरु जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले सुन तथा सुनका गरगहनाहरु लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम धितो सुरक्षण स्वरुप राखेको सुन तथा सुनका गरगहनाहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण
कपिल मुणी तुलाधरको नातिनी, सुरेन्द्र मुनी तुलाधरको छोरी, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भएको रेश्मा तुलाधर (ना.प्र.प.नं. ११५८८, काठमाण्डौं)
धितोमा रहेको सुनको विवरण
सुन तथा सुनका गरगहनाहरु : २६४ ग्राम

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८३/०७/१३ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय मंगलबजार, ललितपुरबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८३/०७/२७ गते शुक्रबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय मंगलबजार, ललितपुरमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८३/०७/२८ गते शनिबार र मिति २०८३/०७/२९ गते आइतबार सार्वजनि बिदा परेकोले मिति २०८३/०७/३० गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय मंगलबजार, ललितपुरमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सुन तथा सुनका गर-गहनाहरु बुझिलिनु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको मंगलबजार, ललितपुरबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. सुन तथा सुनका गर-गहनाहरु बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा खुद्दाखुद्दै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय मंगलबजार, ललितपुरमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

Bariyarpatti Rural Municipality
Office of the Rural Municipal Executive
Bariyarpatti, Siraha
Madhesh Province, Nepal

Invitation for Hard copy Bids

First Date of Publication:-2083/07/13

Bariyarpatti Rural Municipality Office, Bariyarpatti, Siraha, Nepal, invites sealed hard-copy bids from eligible bidders for the supply of goods as specified below under National Competitive Bidding (NCB). Eligible bidders may download the bidding documents from the Municipality's official website, **www.barivarpattimun.gov.np**, or obtain them from the Office of Bariyarpatti Rural Municipality upon submission of a written application along with a copy of the company/firm registration certificate and payment of a non-refundable fee of **NPR 3,000 (Three Thousand Nepalese Rupees).** Further information may be obtained from the Office of Bariyarpatti Rural Municipality during office hours.

Contract ID No.	Cultivar of Improved Wheat Seed	Quantity (KG)	Bid Purchase deadline	Bid Submission deadline	Bid Opening	Bid Security Amount (NRs.)	Bid Document Fee
BRM/01/NCB/Goods/2083/084	Bijay	8025	2083/08/03	2083/08/04 Before 12:00 PM	2083/08/04 After 1:00 PM	80000	3000
	Gautam	7000					
	NL 971	6200					
	BL 4341	10577					
	Transportation	To the Rural Municipality Office					

chief administrative officer

मलेसियामा रोजगार कम्पनी : **SAIFORCE SECURITY SERVICES SDN BHD** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०८२/०२/१६ चलानी नं.: ६०२३८८६५ L.T. No.: 324788 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security	1	0	स. कामना दक्ष	1700	६३४१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २० गते (6 October 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तान्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्ी जीवन बिमा कस्ले व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४६५ कामदारसरे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसरे	रु. १,५०० कामदारसरे	नि:शुल्क

नेपालिक रोजगार विमाबाट मरणदुखी जानकारी :– १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिात अपरुवि भात कम्पनीमा गई रकम बुझाउनु होला। २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निवेदकको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला। ३. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निवेदकको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला। आफ्नु कर्तिवर्षमा पट्टा सम्पर्क गर्न सजिलो हुन्छ। ३. अब विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माँग्नुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकार राखीसके पछि मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामना विदेश जाही नेपालकै विमालयमा प्रवेश गर्नु होला, अन्यथा ठगिने सम्भावना छ। ७. अब विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाँपालना सम्पर्क गर्नु होला।

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/066/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043,
Tulasi Contact No : 9801039447 Email : rboverseasnepal@gmail.com

---

साइप्रसमा रोजगार कम्पनी : **C. & C. PRIVATE EMPLOYMENT AGENCY-LIC. NO.310** शहर : **CYPRUS,PAPHOS**
पूर्व स्वीकृत मितिः २०८३/०३/२५ चलानी नं.: ६०२५८१५१ LT. No.: 332697 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	DOMESTIC WORKER	0	13	स. कामना दक्ष	400	६७६६८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २० गते (6 November 2026) **मा हुनेछ ।**

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तान्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्ी जीवन बिमा कस्ले व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४६५ कामदारसरे	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारसरे	रु. १,५०० कामदारसरे	रु. १०,००० कामदारसरे

नेपालिक रोजगार विमाबाट मरणदुखी जानकारी :– १. आफ्नो सामना भिसा प्राप्त भईसके पश्चिात अपरुवि भात कम्पनीमा गई रकम बुझाउनु होला। २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निवेदकको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला। ३. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निवेदकको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला। आफ्नु कर्तिवर्षमा पट्टा सम्पर्क गर्न सजिलो हुन्छ। ३. अब विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माँग्नु

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

'चिरञ्जीवी भवः'को डबिङ सुरु

काठमाडौं/मस- ब्लकबस्टर चलचित्र 'परान'का निर्देशक दीपकप्रसाद आचार्य 'काकु'को निर्देशनमा निर्माण भएको चलचित्र 'चिरञ्जीवी भवः'को स्वरांकन (डबिङ) सुरु भएको छ । निर्माणपक्षले बिहीबारदेखि चलचित्रको पोस्ट प्रोडक्सनअन्तर्गत स्वरांकनको काम सुरु गरिएको जानकारी दिएको हो ।

जिग्री इन्टरटेनमेन्ट र प्रिमियर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको चलचित्रमा अभिनेता हरिवंश आचार्यले आफ्नो भागको संवाद रेकर्ड गराउँदै स्वरांकनको सुरुवात गरेका छन् । चलचित्रको छायांकन सम्पन्न भएसँगै निर्माण टोलीले अब पोस्ट प्रोडक्सनको कामलाई अघि बढाएको हो ।



निर्देशक दीपकप्रसाद आचार्यले चलचित्र निर्माणका क्रममा गुणस्तरमा कुनै सम्झौता नगरिएको र पोस्ट प्रोडक्सनको काममा पनि उत्तिकै मिहिनेत गरिने बताएका छन् ।

'हामीले पोस्टको काम सुरु गरेसँगै स्वरांकन गर्न थालेका छौं,' निर्देशक आचार्यले भने, 'हामीले कुनै पनि सम्झौता गरेका छैनौं । अब पोस्ट प्रोडक्सनको काम पनि मिहिनेत गरेर गर्नेछौं ।'

निर्देशक आचार्यका लागि 'चिरञ्जीवी भवः' विशेष चलचित्रका रूपमा हेरिएको छ । गत वर्ष प्रदर्शनमा आएको उनको निर्देशकीय चलचित्र 'परान' व्यावसायिक रूपमा सफल भएको थियो । उक्त चलचित्रले दर्शकको उल्लेखनीय साथ पाउँदै नेपाली चलचित्र क्षेत्रमा राम्रो व्यापार गरेको थियो ।

'परान'को सफलतापछि आचार्यले निर्देशन गरेको 'चिरञ्जीवी भवः'प्रति पनि दर्शकको चासो बढ्ने अपेक्षा गरिएको छ । पहिलो चलचित्रबाट स्थापित भएको निर्देशकीय छविलाई उनले दोस्रो चलचित्रमा कसरी अघि बढाउँछन् भन्ने विषय प्रतीक्षाको विषय बनेको छ ।

सामाजिक विषयवस्तुमा आधारित 'चिरञ्जीवी भवः'ले दुई पुस्ताबीचको वैचारिक भिन्नता र उनीहरूबीचको सम्बन्धलाई मुख्य कथावस्तु बनाएको छ । बदलिँदो सोच, पुस्तान्तरण र पारिवारिक सम्बन्धका आयामलाई चलचित्रले कसरी प्रस्तुत गर्छ भन्ने कुरा यसको प्रदर्शनपछि थाहा हुनेछ । चलचित्रमा हरिवंश आचार्यसँगै अभिनेत्री करिस्मा मानन्धर, अभिनेता आशीर्वाद क्षेत्री, मोडल एवं इन्फ्लुएन्सर प्रशंसा रायमाझी मुख्य भूमिकामा छन् । प्रशंसा यसै चलचित्रमार्फत नेपाली चलचित्र क्षेत्रमा डेब्यु गर्दै छिन् ।

चलचित्रमा आशीर्वाद र प्रशंसालाई जोडीका रूपमा प्रस्तुत गरिएका हुन् वा होइनन् भन्ने विषयमा निर्माण टोलीले अहिलेसम्म खुलाएको छैन ।

युएईमा रोजगार

कम्पनी : SERVEU
पूर्व स्वीकृत मितिः २०८१/१०/१३
चलानी नं.: ६०२३१५७७
शहर : DUBAI
LT. No.: 317649
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	129	2	स. कामना दक्ष	1000	४१,४००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २० गते (6 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा बसिरहेको स्थाई जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

नेपाली रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके पश्चात भएपछि मात्र कम्पनीमा गई रक्तम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर सामना राख्नु होला । आफू बसिसक्दा यहां सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा । ४. विदेश जानु अघि अनिवार्यरुपमा यस इजाजतमा तालिम अनिवार्य लिइसकेको हुनु पर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राखीसके पछि मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विज्ञ जाउँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठेगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाखानामा सम्पर्क गर्नु होला ।

SGMC Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457 Email: info@shermanconsultants.com.np / hr@shermanconsultants.com.np
Contact No : 9851235143 (Ganesh Kunwar), 9851322884 (Teknath Subedi), 9860528710 (Anoj Tamang)

युएईमा रोजगार

कम्पनी: UNIVERSAL PRECISION SECURITY SERVICES LLC
पूर्व स्वीकृत मितिः २०८३/०७/११
चलानी नं.: ६०२६२५४४
शहर: UAE
L.T. No.: 349865

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Male Security Guard	50	0	स. कामना दक्ष	1500	६२७००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ कार्तिक २० गते (6 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा बसिरहेको स्थाई जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

नेपाली रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके पश्चात भएपछि मात्र कम्पनीमा गई रक्तम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर सामना राख्नु होला । आफू बसिसक्दा यहां सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा । ४. विदेश जानु अघि अनिवार्यरुपमा यस इजाजतमा तालिम अनिवार्य लिइसकेको हुनु पर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राखीसके पछि मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विज्ञ जाउँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठेगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाखानामा सम्पर्क गर्नु होला ।

Al Secure Manpower Recruitment P. Ltd.
श्रम इजाजत नं.: ८२३/०६८/०७७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949,Tel: 01-4592900, 4590800, 4589700, 9802070417, 9802070414, 9802070415 | Email: nfo@alsecuremanpower.com | Website: www.alsecuremanpower.com

नामथर फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३।८४, च.न. १९६०, मिति २०८३।०७।११ को "पारिवारिक विवरण सम्बन्धमा" शीर्षकको पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं. ५३४१४५३एन हवल्दार नरेन्द्र सिं थापाले मेरो नागरिकता प्रमाणपत्र नं. ४६५० मा नामथर नरेन्द्र सिं रिज्याल, जन्ममिति २०१०/०५/०४, श्रीमतीको नागरिकता प्रमाणपत्र नं. ४६०३ मा नामथर रमा कुमारी रिजाल भएको र पेन्सन अभिलेखमा मेरो नामथर नरेन्द्र सिं थापा, जन्ममिति सन् १३-११-१९५३, श्रीमतीको नामथर बिना कुमारी थापा उल्लेख भई फरक परे तापनि फरक फरक नामथर भएको हामी श्रीमान्/श्रीमती एकैएकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गराई पाउँ भनी भरतपुर महानगरपालिका ४ नं. वडा कार्यालयको च.नं. १५७८ मिति २०८३/०७/१० को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा तथा पारिवारिक विवरण भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।



नामथर फरक परेका व्यक्तिहरू

युएईमा रोजगार

कम्पनी : BAIT AL MAJARAH CONCRETE CARPENTER CONT
पूर्व स्वीकृत मितिः २०८३/०७/११
चलानी नं.: ६०२६२५५०
शहर: UAE,sharjha
L.T. No.:349839

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	BUILDIN WORKER/LABOUR	4	0	स. कामना दक्ष	1000	४१४००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २० गते (6 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा बसिरहेको स्थाई जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

नेपाली रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके पश्चात भएपछि मात्र कम्पनीमा गई रक्तम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर सामना राख्नु होला । आफू बसिसक्दा यहां सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा । ४. विदेश जानु अघि अनिवार्यरुपमा यस इजाजतमा तालिम अनिवार्य लिइसकेको हुनु पर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राखीसके पछि मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विज्ञ जाउँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठेगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाखानामा सम्पर्क गर्नु होला ।

ROYAL GANDAKI MANPOWER PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०७३/०६८/०६४
सामाखुसी-३, काठमाडौं, फोनः ४४८७८७१, ४४५५४३०४, 9851082056 (Taranath Aryal)

बहराइनमा रोजगार

कम्पनी: Noor Aspire For Washing and Polishing Cars
पूर्व स्वीकृत मितिः २०८३/०७/११
चलानी नं.: ६०२६२५५४
शहर : BAHRAIN
L.T. No.: 349864

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब BD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Car washer / Cleaner	1	0	स. कामना दक्ष	140	५६४१५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २० गते (6 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा बसिरहेको स्थाई जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

नेपाली रोजगार विभागबाट मन्जुरीको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके पश्चात भएपछि मात्र कम्पनीमा गई रक्तम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर सामना राख्नु होला । आफू बसिसक्दा यहां सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा । ४. विदेश जानु अघि अनिवार्यरुपमा यस इजाजतमा तालिम अनिवार्य लिइसकेको हुनु पर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राखीसके पछि मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विज्ञ जाउँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठेगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाखानामा सम्पर्क गर्नु होला ।

Al Taaz International Pvt. Ltd.
